# लेखापरीक्षण प्रतिवेदन

## रतुवामाई नगरपालिका, मोरङ

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## रतुवामाई नगरपालिका, मोरङ

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वियन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वियनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वियनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/451

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री प्रमुख ज्यू,
रतुवामाई नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
मोरङ्ग ।

## कैफियतसहितको राय

हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.२६ करोड ७४ लाख १९ हजार, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु ४ करोड ९ लाख ४३ हजार, पर्यटन पुर्वाधार विकास कार्यक्रमको रु११ लाख ८२ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु३७ लाख २५ हजार समेत गरी रु.३१ करोड ३२ लाख ६९ हजार समावेश गरेको छैन।

२. यस नगरपालिकाको रु.१ अर्ब १६ करोड ४२ लाख ७९ हजारको लेखापरीक्षण गरिएकोमा प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनमा ६९ सैद्दान्तिक दफा सहित रू. ३ करोड ८७ लाख १५ हजार बेरुजू देखिएको छ। प्रारम्भिक प्रतिवेदन जारी भए पश्चात प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया प्राप्त भई रु.९४ लाख २९ हजार फर्योट भई प्रतिक्रिया मार्फत थप रु.२ लाख ४० हजार बेरुजु थप भई असुल गर्नुपर्ने रू.९ लाख ४३ हजार,प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड १४ लाख ९३ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ६८ लाख ४९ हजार बेरुजु बाँकी रहेको छ। गत वर्षसम्म रु. २० करोड ४९ लाख ६९ हजार बेरुजू बाँकी रहेकोमा यस वर्षको बेरुजु समेत अद्यावधिक बेरुजू रु.१७ करोड ६१ लाख ५० हजार देखिएको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने रतुवामाई नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

## अन्य बेहोरा

यो नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका वेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

## वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी **रतुवामाई नगरपालिका**को व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेकोनेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( बालकृष्ण थापा )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६९ | ७५ | ३,८७,१५,२९० | ३ | २१ | ९४,२९,८७१ | २,४०,००० | ६६ | ५४ | २,९५,२५,४१९ | ९,४३,२०१ | १,६८,४९,१३७ | १,१४,९३,०८१ | ० | ० | २,८३,४२,२१८ | २,४०,००० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| मोरङ्ग | २०,४९,६८,९९२ | ० | ५,८३,४३,८४४ | १४६६२५१४८ | 0 | २,९५,२५,४१६ | १७,६१,५०,५६४ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | २७ | स्कुटर खरिद | ० |
| २ | २०८०/८१ | ८०.२ | सामाजिक सुरक्षा भत्ता वितरण | ४,५६,४०३ |
| ३ | २०८०/८१ | ६२ | वडा भरिको खेलकुद कार्यक्रम | १,९८,००० |
| ४ | २०८०/८१ | ३४ | लागत सहभागिता नभएको | १,४७,७६७ |
| ५ | २०८०/८१ | ६९ | लक्षित बर्ग कार्यक्रम | ३,४०० |
| ६ | २०८०/८१ | ७७ | प्राविधिक धार सञ्चालन अनुदान | २३,४५,००० |
| ७ | २०८०/८१ | ७६ | प्रति विद्यार्थी लागत अनुदान | २०,३०० |

| | | | | |
|---|---|---|---|---|
| ८ | २०८०/८१ | ७५ | निशुल्क पाठ्यपुस्तक रकम निकासा | ४४,३१८ |
| ९ | २०८०/८१ | १८ | नर्म्स बेगर खर्च | ३,१२० |
| १० | २०८०/८१ | ५ | दहत्तर बहत्तर शुल्क | ० |
| ११ | २०८०/८१ | ८ | ढिला दाखिला | १२,८१८ |
| १२ | २०८०/८१ | २० | खर्च रकमको पुष्टाई | ५१,००० |
| १३ | २०८०/८१ | ६८ | कुलगुरु सम्मान कार्यक्रम | २,१४५ |
| १४ | २०८०/८१ | ८९ | कार्य सम्पादन जमानत | ५५,९२,००० |
| १५ | २०८०/८१ | ६३ | अनुगमन भत्ता | १३,६०० |
| १६ | २०७९/८० | ६० | सोनापुर हटीयाडाँडा कालोपत्रे सडक | १३,००,००० |
| १७ | २०७९/८० | ५७ | शीर्षक फरक पारी खर्च | ९८,३१० |
| १८ | २०७९/८० | ५३ | शिर्षक फरक पारी खर्च | २,८१,२५३ |
| १९ | २०७९/८० | ६१ | विधुत मर्मत तथा थप विस्तार | ४,९३,८४९ |
| २० | २०७९/८० | १९ | भुक्तानी दिन बाँकीको विवरण | २१,५०,६५२ |
| २१ | २०७९/८० | ५१ | बिद्यालयको पाठ्यपुस्तक खरिद | १०,८८,८४७ |
| २२ | २०७९/८० | ६७ | फोटोकपी बिजक | १४,७४,३७९ |
| २३ | २०७९/८० | ३२ | निजि श्रोतका शिक्षक पोशाक तथा पाठ्यपुस्तक | १,३५,४५,००० |
| २४ | २०७९/८० | ५२ | टुक्रा पारी खरिद | १४,४९,९२९ |
| २५ | २०७९/८० | ५६ | कार्यालयको काम उपभोक्ता समिति मार्फत गराएको | ७,४९,७४२ |
| २६ | २०७९/८० | १४ | कर्मचारी करार | ६६,६०,४६६ |
| २७ | २०७९/८० | २८ | कक्षा ८ को परीक्षा संचालन खर्च | ८६,८६० |
| २८ | २०७९/८० | ६३ | उपभोक्ता समितिको काममा मुअकर | १,०६,०४० |
| २९ | २०७९/८० | ६२ | आन्तरिक लेखापरीक्षण प्रतिवेदनबाट औल्याएका व्यहोराहरु | १९,४२३ |
| ३० | २०७९/८० | ४४ | आइ.सि.टि. व्यवस्थापन | १,५६,५०० |
| ३१ | २०७९/८० | १६ | अन्य निकायको खर्च | ७,६७,५९४ |
| ३२ | २०७८/७९ | ४७ | सुरक्षित नागरिक आवास कार्यक्रम | ४,२०,००० |
| ३३ | २०७८/७९ | ५३ | अग्रिम पेश्की जमानत | १,६५,००,००० |
| ३४ | २०७७/७८ | ७३ | पेश्की बाँकी | १,०६,४५,००० |

| | | | | |
|---|---|---|---|---|
| ३५ | २०८०/८१ | ५१ | मिडिया/सञ्चार सम्बद्ध खर्च | ० |
| ३६ | २०८०/८१ | ५७ | अद्यावधिक पेश्की बाँकी | ५,४०,००० |
| ३७ | २०७८/७९ | २८ | पेश्की | ३,५०,००० |
| जम्मा | | | | ६,७७,७३,७१५ |

# (८०११३४०५३०० - रतुवामाई नगरपालिका, मोरङ )

# परिचय

१ **परिचय**

**(क) परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य र आर्थिक वर्ष २०८०।८१ को बजेट तथा कार्यक्रमबाट "Kick to the Corruption, Kiss to the Development" नारा आत्मसात गर्ने नीति लिएको छ । कोशी प्रदेशमा अवस्थित यस पालिकामा १० वडा र ५५ सभा सदस्य (१ निलम्बनसमेत) रहेका छन् । पालिकाको क्षेत्रफल १४२.१५ वर्ग किलोमिटर तथा १४५०८ घरधुरी, ७५.२ प्रतिशत साक्षरता दर र ६११३९ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।०९।०७ देखि २०८१।०९।१५ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** पालिकाको आर्थिक वर्ष २०८०।८१ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०८१, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार लिई सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीको कार्यसम्पादन रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमा लेखापरीक्षणमा रहेका छन् । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु थप सीमाको रुपमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण प्रतिवेदन जारी गरिएको छ । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** रतुवामाई नगरपालिकाको आय-व्ययतर्फ रु.१ अर्ब १६ करोड ४२ लाख ७९ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसार असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | शिक्षकको बढी तलब तथा ग्रेड निकासा असुल दाखिला भएको | ४१७०३ |
| २ | दहत्तर बहत्तर शुल्क कम दाखिला भएको रकम असुल दाखिला । | १००० |
| ३ | संघीय सशर्ततर्फको आर्थिक वर्षको अन्त्यमा मौज्दात रहेको रकम फिर्ता गर्न बाँकी रकम दाखिला | ३७५८० |
| ४ | सडक बोर्ड सँग पालिकाकको सहकार्यमा भिभो कन्सट्रक्सन प्रा.लि. मार्फत कार्य गराईएकोमा उपलब्ध गराईएको पेश्की फछ्र्यौट नभई पुरै रकम भुक्तानी भएकोमा फिर्ता दाखिला भएको रकम | ६८०००० |
| ५ | कार्कीचोक पश्चिम मलामी घाटको शवदाह निर्माण रकममा बढी भुक्तानी भएको रकम असुल (आलेपले औल्याएको) | ९३१८.८१ |
| ६ | मृत्यु भएको नाममा बढी भुक्तानी भएको सामाजिक सुरक्षा भत्ता फिर्ता दाखिला । | २६६७७ |
| ७ | विपि सवा केन्द्र डायनियालाई छात्रवृत्ती रकम अनुदान भुक्तानी गर्दा पारिश्रमिक कर कट्टी नभएको रकम दाखिला | ३००० |
| ८ | बक्राहा बाँधमा पैनी निकास गर्ने रेगुलेटर निर्माण गर्ने उपभोक्ता समितिलाई बढी भुक्तान भएको रकम असुल | ६१३७ |
| ९ | विद्यालयको कार्य सम्पन्न पश्चात वचत रकम संघीय संचित कोष दाखिला । | २१२८२२ |
| १० | दोहोरो परेको कर्मचारी काजको रकम असुल भै दाखिला | १८७०० |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **नविकरण शुल्क** -

पालिकाको आर्थिक ऐन, २०८० मा वार्षिक नविकरण शुल्कको दर निर्धारण गरेको छ। उक्त आर्थिक ऐनमा व्यवस्था भए बमोजिम विभिन्न स्कुल, ईटा उद्योग र आयल स्टोरबाट वार्षिक नविकरण शुल्क असुल गरेको नदेखिएकोले तपशीलमा उल्लेखित संस्थाहरुबाट वार्षिक नविकरण रु.५१९००० असुल गरी दाखिला गर्नुपर्ने रु.

| विवण | जम्मा संख्या | नविकरण संख्या | नविकरण हुन बाँकी | दर | असुल गर्नुपर्ने | |
|---|---|---|---|---|---|---|
| पुर्व प्राथमिक | ५ | २ | ३ | ८००० | २४००० | |
| १ देखि ५ सम्म | ८ | २ | ६ | १०००० | ६०००० | |
| ८ कक्षा | ४ | २ | २ | १५००० | ३०००० | |
| १० कक्षा | ५ | ० | ५ | २०००० | १००००० | |
| १० +२ | ५ | २ | ३ | २५००० | ७५००० | |
| जम्मा | | | | | २८९००० | |
| कैलाश ईटा उद्योग | १ | ० | १ | १००००० | ११०००० | जरिवाना १० प्रतिशत सहित |
| सोनामाइ ईटा उद्योग | १ | ० | १ | १००००० | ११०००० | |
| आयल स्टोर | ४ | २ | २ | १५००० | ३०००० | |
| जम्मा | | | | | ५३९००० | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,३९,००० |

३ **आन्तरिक आय** -

३.१ स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । साथै सोही ऐनको परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने व्यवस्था छ । यो आर्थिक वर्षमा पालिकाले सम्पति कर, भुमि/मालपोतकर, सिफारिस दस्तुर, व्यवसाय कर, वहाल कर, बहाल विटौरी कर, हाटबजार कर लगाएतका शिर्षकबाट रु.२,६०,२२,४९६.४३ आम्दानी गरेको देखिन्छ। राजस्व आम्दानी, अभिलेख र प्रतिवेदनसँग सम्बन्धित थप व्यहोरा देहायबमोजिम रहेका छन् ।

३.२ तुलनात्मक परिक्षण -

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । साथै सोही ऐनको परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने व्यवस्था छ । पालिकाले विभिन्न शिर्षकमा राजश्वको वार्षिक अनुमान गरी राजश्व शुल्क उठाउने गरेको छ । कुनै शिर्षकमा अनुमानित रकम भन्दा धरै र कुनै शिर्षकमा शुन्य राजश्व संकलन भएको अवस्था छ। राजस्वका विभिन्न शिर्षकमा अनुमानित आयलाई व्यवस्थित गरी राजस्वलाई अनुमानयोग्य बनाउनुपर्दछ। साथै, राजश्वको यथार्थ अनुमान गरी पालिकाको आम्दानी वृद्धि गर्न तर्फ ध्यान दिनु पर्दछ ।

| सि नं | शिर्षक | विवरण | लक्ष्य | असुली रकम | असुली प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ११३१३ | सम्पत्ति कर | १०७०००००.० | ११०४३०१.० | १०३.२ |
| २ | ११३१४ | भुमिकर/मालपोत | ६५२००००.० | ९४४१४०१.६ | १४४.८ |
| ३ | ११३१७ | घर/जग्गा वहाल कर | १३७०५००.० | १०२४०५२.६ | ७४.७ |
| ४ | ११४५२ | पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | १४२००.० | १८२००.० | १२८.२ |
| ५ | ११६९१ | अन्य कर | २३२७९८.० | १८०२२२.५ | ७७.४ |
| ६ | १४२१९ | अन्य सेवा शुल्क | ४५२८३५.० | ३६२४२४.० | ८०.० |
| ७ | १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | १२००००.० | १८००००.० | १५०.० |
| ८ | १४२२४ | परीक्षा शुल्क | २५३२००.० | ९९८००.० | ३९.४ |
| ९ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ९००००.० | १२०५००.० | १३३.९ |
| १० | १४२४२ | नक्सापास दस्तुर | १००००००.० | १५८२९१९.३ | १५८.३ |
| ११ | १४२४३ | सिफारिश दस्तुर | ४०५९३७५.० | ५६५४०००.९ | १३९.३ |
| १२ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | १२५००००.० | ८५६५००.० | ६८.५ |
| १३ | १४२४५ | नाता प्रमाणित दस्तुर | ४५००००.० | ४५८८००.० | १०२.० |
| १४ | १४२४९ | अन्य दस्तुर | ११५००००.० | १२७३९९३.२ | ११०.८ |
| १५ | १४२५३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ६९३६३३८.० | २२४३७४०.० | ३२.४ |
| १६ | १४३१२ | प्रशासनिक दण्ड , जरिवाना र जफत | १६५०००००.० | ५६६२०.५ | ०.३ |

३.३ वडागत राजश्व संकलन -

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । साथै सोही ऐनको परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने व्यवस्था छ । पालिकाको वडा कार्यालयगत राजश्व संकलन विवरण देहाय बमोजिम छ :




**(विस्तृत विवरण बेरूजु दफा ३.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३.४ राजश्व आयको प्रवृत्ति -

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने

आन्तरिक आय व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । साथै सोही ऐनको परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने व्यवस्था छ । पालिकाको विगत तीन आ.व.को आन्तरिक राजश्व संकलनको तुलनात्मक विवरण देहायको चार्टमा प्रस्तुत गरिएको छ । आन्तरिक श्रोतका थप क्षेत्र पहिचान गरी आम्दानी स्तर वृद्धि गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।




**(विस्तृत विवरण बेरूजु दफा ३.४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४ **सम्पत्ति कर -**

रतुवामाइ नगरपालिकाको आर्थिक ऐन, २०८० को अनूसुची ११ मा सम्पत्ति कर न्यूनतम रु.५० देखि पक्कि घरतर्फ प्रतिवर्गफुट ०.७ का दरले शुल्क निर्धारण गरेको छ । पालिकाले यस वर्ष रु.११,०४,३०१.०० मात्र सम्पत्ति कर संकलन गरेको देखिन्छ। वि.स. २०७८ सालको जनगणना अनुसार पालिकामा १४५०८ परिवार संख्या रहेकोमा सो अनुसार पालिकाले रु.३९८३५९९ सम्पत्ति कर संकलन हुनु पर्नेमा रु.२८,७९,२९८ घटी कर संकलन भएको देखिएको हुँदा बाँकी कर असुल गरी पालिकाको राजश्व बढाउने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

| विवरण | घर संख्या | करको दर | जम्मा |
|---|---|---|---|
| माटोको जोडाई भएको ईँटा/ढुङ्गा | १५१८ | ३०० | ४५५४०० |
| सिमेन्टको जोडाई भएको ईँटा/ढुङ्गा | ३७६१ | ३०० | ११२८३०० |
| ढलान पिल्लर सहितको (न्यूनतम १००० वर्गफुटलाई आधार लिई प्रति वर्गफुट ०.७ को दरमा) | २४७४ | ७०० | १७३१८०० |
| काठ/बाँसको खम्बा गाडेको | ६६०७ | १०० | ६६०७०० |
| अन्य | १४८ | ५० | ७३९९ |
| जम्मा | | | ३९८३५९९ |

५ **दहत्तर बहत्तर शुल्क –**

कोशि प्रदेश सरकारको आर्थिक ऐन, २०८० अनुसूची ५ को सि.न. ३ मा माटो भरौट विक्रि वा घाटगद्दिको प्रति क्यु फिट ४ दर उल्लेख छ । पालिकाले बक्राहा खोला र रतुवा खोला किनारामा अमानतबाट २१६५ प्रति ट्याक्टर रु.२००, २१८ प्रति टिपर रु.३०० र ४ प्रति हाइवा रु.५०० का दरले रु.५००४०० दहत्तर बहत्तर शुल्क असुल गरेको देखिन्छ । प्रति ट्याक्टर २.८३ घ.मी., प्रति टिपर ७ घ.मी. र प्रति हाइवा १२ घ.मि. ले जम्मा हुने ७७००.९५ घ.मी. ले हुने भ्याट सहित जम्मा रु.१२२८०३७ संकलन गर्नु पर्ने देखिन्छ। जस अनुसार पालिकाले रु.७२७६३७ घटि असुल गरेको वा छुट भएको सम्बन्धमा प्रमाण पुष्ट्याई पेश गर्नुपर्ने देखिएको व्यहोरा लेखापरीक्षणमा औंल्याईएकोमा पालिकाले कार्यपालिका निर्णयलाई कार्यान्वयन गरेको र चालु आर्थिक वर्षमा ढुंगा गिटी बालुवाको आय

ठेक्का व्यवस्थापन भई कार्य गराईएको व्यहोरा सहित अवस्थामा सुधार भएको जनाएको छ । आय व्यवस्थापन गर्दा संघीय कानून र प्रदेश कानूनले निर्धारण गरेका मापदण्ड र विधि प्रक्रिया अवलम्बन गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिएको छ ।

| साधन | पालिकाबाट संकलन | | | प्रदेश आर्थिक ऐन अनुसार | | | जम्मा रु | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | दर | रकम | परिमाण संकलन घमी | परिमाण क्युफिटमा | प्रति क्युफिट दर | | |
| ट्याक्टर | २१६५ | २०० | ४३३००० | ६१२६.९५ | २१६१५९ | ४ | ८६४६३५ | प्रति ट्याक्टर २.८३ घमी |
| टिपर | २१८ | ३०० | ६५४०० | १५२६ | ५३८३७ | ४ | २१५३४९ | प्रति टिपर ७ घमि |
| हाईवा | ४ | ५०० | २००० | ४८ | १६९३.४ | ४ | ६७७३.७६ | प्रति हाइवा १२ घमि |
| जम्मा | | | ५००४०० | ७७००.९५ | २७१६९० | ० | १०८६७५८ | |
| भ्याट | | | | | | | १४१२७९ | |
| जम्मा रकम | | | | | | | १२२८०३७ | |

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३** को निर्णयले रू **०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

६ **दण्ड जरिवाना –**

कोशि प्रदेश सरकारको अर्थ सम्बन्धि प्रस्तावलाइ कार्यन्वय गर्न बनेको ऐन, २०८० को अनुसूची १० मा नदिको वहाव वा पानी वगेको क्षेत्रमा प्रवेश गरी उत्खनन गरेमा प्रति मेशिन वा साधनको दरमा दण्ड जरिवानाको व्यवस्था गरेको छ । जसमा ट्याक्टरको प्रतिट्याक्टर रु.५००००.०० का दरले जरिवाना उल्लेख छ । पालिकाको रतुवा खोलाको चौकी घाटमा रतुवामाइ वडा नं. ३ निवासी निजाफर मियाँले १८२३ नं. को ट्याक्टरमा कानून विपरित वालुवा भरौट संकलन अवस्थामा भेटाइ रु.३६०० मात्र जरिवाना असुल गरेको देखिएबाट रु.४६४०० जरिवाना न्यून असुल भएको छ । यस सम्बन्धमा पालिकाले कार्यपालिकाको निर्णयानुसार उठाउने गरेको दरको दोब्बर जरिवाना गरेको र कार्यपालिका निर्णयलाई कार्यान्वियन गरेको जनाएको छ । अत: यसप्रकारका दण्ड जरिवाना सम्बन्धमा प्रदेश कानून समेतको अवस्था मुल्यांकन गरी निर्णय गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४६,४०० |

७ **ढुङ्गा, गिट्टि, वालुवा -**

नदिजन्य पदार्थ उत्खनन गर्दा अधिकार प्राप्त निकायबाट वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराई सोही प्रतिवेदन वमोजिम उत्खनन गर्न सकिने व्यवस्था छ । पालिकाले २०७९ सालमा तयार गरेको वातावरणीय अध्ययन प्रतिवेदन अनुसार दुईवटा खोलाको विभिन्न क्षेत्रबाट १३२११.६ घनमिटर नदिजन्य पदार्थ उत्खनन गर्न सकिने देखिएकोमा अमानतबाट ७७००.९५ घन मिटर मात्र उत्खनन गरेको देखिन्छ।वातावरणीय अध्ययन प्रतिवेदन बमोजिम नदिजन्य पदार्थ उत्खनन गर्नेतर्फ कार्यालयले ध्यान दिनु पर्दछ ।

| खोला | IEE प्रतिवेदन अनुसार | जम्मा उत्खनन | | | जम्मा |
|---|---|---|---|---|---|
| | | साधन | जम्मा संख्या | प्रति साधन घमि | |
| बक्राहा खोला किनारा क्षेत्र | ५६८९.६ | टयाक्टर | २१६५ | २.८३ | ६१२७ |
| रतुवा खोला किनारा बगर क्षेत्र | ७५२२ | टिपर | २१८ | ७ | १५२६ |
| | ० | हाइवा | ४ | १२ | ४८ |
| जम्मा | १३२११.६ | | | | ७७०१ |

८ **ढिला दाखिला** –

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२१** को निर्णयले रू **१२,८१८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

९ **प्रधानमन्त्री रोजगार कार्यक्रम** -

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्वेश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ९ वडामा ९ योजना सञ्चालन गरी यस वर्ष जम्मा ३१४ सुचिकृत मध्ये ६२ जनालाई औसत ८२.१७ दिन रोजगारी उपलव्ध गराई रु.३४,०३,४६०.०० श्रमिक ज्याला खर्च गरेको छ ।कार्यपालिकाको निर्णयानुसार योजना छनौट गरी कार्यक्रम संचालन गरेको छ । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

१० **चालु/प्रशासनिक खर्च नियन्त्रण** -

नेपाल सरकारको सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका २०७९ कार्यान्वयनमा रहेको र स्थानीय तहले यसलाई मार्गदर्शनका रुपमा लिई छुट्टै खर्चको मापदण्ड बनाउन सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८।७९ देखि २०८०।८१ सम्मको विभिन्न चालु प्रकृतिका खर्चमा गरेको खर्च विवरणलाई देहायको चार्टमा प्रस्तुत गरिएको छ :




पालिकामा मुख्य रुपमा उल्लेख भएका उपरोक्तबमोजिमका खर्च शिर्षकमा पालिकाले खुल्ला प्रतिस्पर्धात्मक खरिद व्यवहार गर्नुपर्नेमा सो नगरेको तथा तत् तत् शिर्षक बाहेक अन्य कार्यक्रम र योजनाबाट कार्यपालिकाका विभिन्न बैठकबाट पूँजीगत खर्च शिर्षकबाट रकमान्तर गरी चालु प्रकृतिका खर्च गरेको छ। त्यसप्रकारका रकमान्तरलाई बजेट संशोधन नाम दिईएतापनि सोही शिर्षकमा खर्च लेखेकोले चालु एवं प्रशासनिक खर्चको रकम यकिन गर्न सक्ने अवस्था छैन । पालिकाले प्रशासनिक एवं चालु खर्च नियन्त्रण सम्बन्धमा मापदण्ड तयार गरेको नदेखिएको वा लागु गरेको नदेखिएकोले ईन्धन, औषधी खरिद, अनुगमन मुल्यांकन र करार सेवा शुल्क लगायतका खर्चमा नियन्त्रण गर्नुपर्ने देखिएको छ ।

**(विस्तृत विवरण बेरूजु दफा १० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

११ **प्रकोप व्यवस्थापन कोष** -

पालिकामा एक प्रकोप व्यवस्थापन कोष रहेको छ । विभिन्न समयमा कार्यपालिकाबाट निर्णय गरी रकम दाखिला गर्ने गरेको देखिन्छ । प्रकोप व्यवसुथापन कोषमा जम्मा भएको रकमबाट यस आ.ब.मा विगतको पशु खोपकर्ताको पारिश्रमिक भुक्तानी, नागरिक आवस निर्माण कार्य,विपन्न परिवारलाई जस्तापात वितरण,ट्युवेल वितरण र ग्राभेल कार्य गरेको देखिन्छ । प्रकोप कोषबाट सामान्य प्रकृतीका चालु र पूजिगत खर्च गरेको र सो का लागि पेश भएका निवेदनमा तोक आदेशका आधारमा वितरण गर्ने गरेको देखिन्छ ।तोक आदेश एउटै प्रकृतीको घटनामा रु.१० हजार देखी १ लाखसम्म पनि गर्नेगरेको देखियो । यसरी कार्यविधी निर्माण नगरी तोक आदेशबाट खर्च गर्ने पालिकाको प्रवृतीमा सुधार गर्दै प्रकोप कोषमा राखेको रकमबाट प्रकोपजन्य कार्यमा मात्र खर्च गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

१२ **इन्धन खर्चको मापदण्ड** -

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वियनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने, सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । पालिकाले उल्लिखित व्यवस्थाको पालना नगरी यस वर्ष भौचरसाथ लगबुक समेत संलग्न नराखी एम्बुलेन्स १, ट्याक्टर १, स्कार्पियो २, कार १, पिकअप भ्यान १, शव वहान १, व्याकहो लोडर १, स्कुटर ७ र मोटरसाइकल ३० लगाएत सवारी साधनमा कुल रु.६२ लाख ६२ हजार ९ सय ७८ खर्च गरेको छ। इन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी लगवुक राखेर मात्र खर्च लेख्न तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ । निर्माण कार्यको लागि प्रयोग हुने हेभी सवारी साधन संचालन गर्दा उक्त निर्माण कार्यको लागत अनुमान , नापी किताब, कार्य स्वीकार प्रतिवेदन समेत संलग्न गरी उक्त मेशीनबाट भएको कार्य देखिने विवरण समावेश गर्नु पर्दछ

१३ **विविध खर्च** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा

सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी हुने बिल भर्पाइ प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाले यसवर्ष विविध खर्चतर्फ पालिकाले कुल आन्तरिक आय रु.२ करोड ६० लाख २२ हजार ४ सय ९६ को तुलनामा करिव १६.२८ प्रतिशत अर्थात रू.४२ लाख ३६ हजार १ सय १५ खाना,खाजा, पानी, चिया, विभिन्न कार्यक्रम खर्च लगायतका शीर्षकमा खर्च गरेको छ। विविध खर्च गर्दा खर्चको विल भरपाई पेश भए भएतापनि कतिपय खर्चका विलभरपाई साथ सो कामसँग सम्बन्धित निर्णय सहितका पुष्टि हुने प्रमाण संलग्न गर्ने गरेको देखिएन । विविध खर्चको स्पष्ट उद्देश्य र खर्चको यथार्थता प्रमाणित हुने प्रमाण समेत खर्च साथ राखेर खर्च गर्ने व्यवस्था कार्यान्वियन गर्नुपर्दछ।

१४ **मसलन्द तथा कार्यालय सामाग्री –**

कार्यालय सञ्चालनको लागि पालिकालाई वर्ष भरमा आवश्यक पर्ने सामनाको वर्गिकरणको विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान बमोजिम प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटकपटक सोझै बजारबाट खरिद गरी रु.३० लाख ७५ हजार ६५ खर्च लेखेको छ । सामानको आवश्यकता तथा परिमाण शूरुमा नै निश्चित नगरी सोझै खरिद गर्दा न्यून लागतमा सामान प्राप्त नहुने र गुणस्तरमा समेत प्रभाव पर्ने हुँदा प्रतिस्पर्धात्मक रुपले आपुर्तिकर्ता छनौट गरी खरिद गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्ने देखिन्छ।

१५ **निशुल्क सिचाई महशुल**

नगरपालिकाले पालिकाका कृषकलाई सिचाईमा सहुलियत दिने नगरपरिषदको २०७९।८० को १०औ सभाबाट पारित निशुल्क कृषि मिटर कार्यक्रम संचालनका लागि आर्थिक वर्ष २०७९।८० मा एकमुष्ठ रु २०००००० भुक्तानी गरेको र यस आर्थिक वर्षमा रु ३९२५५०० बजेट व्यवस्था गरी रु ३६४३१८२ नेपाल विद्युत प्रधिकरणलाई भुक्तान गरेको छ । अधिल्लो मिटर जडानको लागी २०७९ मंसिरमा सूचना जारी गरेकोमा ३६१५ ले निवेदन दिएका मध्ये ३१६४ जनालाई छनौट गरी न्युनतम महशुल प्रति घर रु १.५३ देखी अधिकतम रु १६८३० सम्म निशुल्क महशुल भुक्तानी छ । यसैप्रकारले यस आर्थिक वर्षमा रंगेलीतर्फका १९७६ र उर्लाबारीतर्फका २२२१ गरि जम्मा ४१९७ कृषकलाई पटक पटकको भुक्तानीमार्फत न्यूनत्तम रु १ देखी अधिकतम रु २२५०० सम्म र रु ४८८९६ जरिवाना समेत भुक्तान गरेको छ । पालिकाले विद्युत महशुल छुट सम्बन्धमा श्रोत आंकलन नगरेको तथा त्यसप्रकार निशुल्क महशुलका लागि कार्यविधि समेत तय गरेको छैन । दिर्घकालिन दायित्व सिर्जना हुने यसप्रकारका कार्यक्रममा प्रयोगकर्ताको आर्थिक सुचकांक मुल्यांकन र परिक्षण नहुने, फजुल विद्युत खपत बढ्ने एवं अनुगमन प्रणाली नहुँदा खर्चको आधिकारिकता नहुने हुन्छ । गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा समेत यस सम्बन्धमा व्यहोरा औल्याइएतापनि यस वर्ष समेत लागत सहभागिताबेगर निशुल्क सिचाई कार्यक्रम सञ्चालन गरेको नियमसम्मत नदिखएको रु

| | |
|---|---|
| अनियमित भएको | ३६,४३,१८२ |

१६ **कर्मचारी कल्याण कोष -**

कर्मचारी कल्याण कोषमा रु.५५२९८६४ रकम देखिन्छ । पालिकाले कोषमा जम्मा भएको रकमबाट रतुवामाई नगरपालिकामा सेवा करारमा कार्यरत कर्मचारीको सेवा सुविधा र सर्तमा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७९ बमोजिम यस आ.ब.मा ७ जना कर्मचारीलाई ३ वर्ष भन्दा बढी सेवा गरेकोले सेवा गरेको प्रत्येक वर्षका लागि खाईपाई आएको आखिरी महिनाको तलवको आधारमा रु.८८८५६१ सेवा सुविधाको लागि भुक्तानी गरेको छ। करार सम्झौतामा नै जुनसुकै बेला करारसम्झौता भंगहुन सक्ने व्यवस्था रहेकोमा पालिकाले निश्चत रकम दिएर करार सम्झौता अन्त्य गर्ने गरेको छ । कोषबाट पालिकाले गत आ.ब.मा तलब भत्ता भुक्तानीमा रकम अभाव भएको भनी रु. ५० लाख खर्च गरी सो रकम यस बर्ष सोधभर्ना गरेको देखियो । अत कर्मचारी कल्याण कोषको रकम तलब भत्तामा खर्च गर्ने प्रवृतीमा सुधार गरी करार कर्मचारीलाई दिईने सुविधालाई समेत व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

१७ **सेवा परामर्श -**

सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ मा परामर्श सेवा खरिद सम्बन्धि व्यवस्था रहेको छ । जस अनुसार पालिकाले विभिन्न समयमा मुद्दामा बहस तथा लिखित जवाफ लगायतको कार्यको लागि सिताराम राईलाई रु.५८६६३९ भुक्तानी गरेको देखिन्छ । निजसँग परामर्श सेवाको लागि पालिकाले सम्झौता नगरेको, निजले परामर्श सेवा वापत बिजक जारी निवेदन पेश गरेको आधारमा रकम भुक्तानी गरेको देखिन्छ । अत पालिकाले परामर्श सेवाको लागि सम्झौता गरी बिल बिजकको आधारमा मात्र भुक्तानी गर्नुपर्दछ ।

१८ **नर्म्स बेगर खर्च** - (23-२०८०-६-१५):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२१** को निर्णयले रू **३,१२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

१९ **मोटरसाईकल मर्मत** - (५५-२०८०-६-२९):

प्रदेश आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व नियमावली २०७९ को नियम ४१(५) अनुसार खर्च गर्दा त्यस्तो खर्चलाइ पुष्टी गर्ने बिल भरपाई, प्रमाण कागजात सँलग्न गरेर मात्र खर्च लेख्नुपर्ने अबस्था छ ।पालिकाले निम्न निजी नम्बर उल्लेख भएको मोटरसाईकल मर्मत गरी रकम भुक्तानी गरेको छ ।कार्यालयको कार्यमा प्रयोग गरेको पुष्टी नगरी रकम भुक्तानी भएको नियमसम्मत नदेखिएको रु.

| क्र.स. | गाडी नं. | रकम |
|---|---|---|
| १ | को.३५ प ६६५५ | ४७५० |
| २ | को ३१ प ३५५ | ७६५० |
| ३ | प्र.१-०२-०४४ प ७६४ | ९८०० |
| ४ | प्र.१-०२-०४४ प ७९७२ | ६९०० |
| ५ | प्र १-०२-०४१ प ५३० | ८२०० |
| ६ | प्र.१-०२-०४९-प ९७२८ | ४०९०० |
| ७ | प्र.१-०२-०४०-प-४२२२ | २६३५० |
| ८ | प्र.१-०२-४३ प - ५९७० | १७९५० |
| ९ | को ३१ प ७०५३ | २९८०० |
| कुल | | १५२३०० |

| अनियमित भएको | १,५२,३०० |
|---|---|

२० **खर्च रकमको पुष्टाई :-** (१००-२०८०-६-३०):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२२** को निर्णयले रू **५१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

२१ **मकैको बिउ खरिद** -

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ बमोजिम प्राविधिक नाप जाँच गरी वास्तविक कार्य सम्पादन तथा विल र विजकको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।पालिकाले मिति २०८०।५।२७ मा कृषकका लागि ५० प्रतिशत अनुदानमा हाईब्रिड मकैको बिउ खरिदको लागि रु.६८००००० को सार्वजनिक सूचना प्रकाशन गरेकोमा एक मात्र बोलपत्रकर्ता एस.जि. एग्रो ट्रेडर्सले रु.६५२२५०० कबोल गरी मिति २०८०।७।२३ मा सम्झौता गरेको देखिन्छ । सम्झौता बमोजिम वडाबाट माग भए मध्ये ७५५० के.जी.खरिद गरी पालिकाले ३४ लाख र साझेदारीको ३४ लाख भुक्तानी भएको छ । माग बमोजिम खरिद भएको मकैको बिउले नपुग्ने उल्लेख गरी पुन २०४० के.जी. पाइनियर जातको मकैको बिउ खरिद भएको देखिन्छ । जसका लागि पालिकाले चैते धानको बिउ वितरणबाट ४ लाख , बाली पकेट कार्यक्रमबाट रु.२ लाख र वडाको ४ लाख गरी कुल रु. १० लाख रकम रकामान्तर गरी र सोहि बराबरको लागत सहभागिता वापतको रकम भुक्तानी भएको छ । ठेक्का आव्हान गर्नको लागि समयावधि नपुग्ने व्यहोरा उल्लेख गरी थप

परिमाण खरिद गर्न मिति २०८०।८।१२ कार्यपालिकाबाट निर्णय गरी एस जि एग्रो ट्रेडर्सलाई थप २०८०।११।२ मा रु.८५९८३० भुक्तानी भएको छ । यसरी सूचना प्रकाशन गर्दा बार्षिक विनीयोजित बजेट भएको रकमको ठेक्का आव्हान भएकोमा पुन बिचमा रकमान्तर गरी खरिद गरेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १७,१९,६६० |

२२ **उपभोक्ता समिति मार्फत कार्य -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत कार्य गराउन सक्ने व्यवस्था छ । नगरपालिकामा उपभोक्ता समिति मार्फत भएका कार्य मध्ये केही कार्यहरुको नमूना छनौट गरी लेखापरिक्षण गरिएका व्यहोरा प्रतिवेदनमा समावेश गरिएको छ । स्थानीय सरकार ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीयतहको अधिकार क्षेत्रभित्रको विकास निर्माण कार्य गर्नका पालिकाले उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोरा निम्न छनः-

• पालिकाले योजना सञ्चालन एवं कार्यान्वियनमा संलग्न उपभोक्ता समितिको अभिलेख अनुसूची १ बमोजिमको ढाँचामा व्यवस्थित गर्नुपर्नेमा गरेको छैन ।

• हेभी मेशिनरी साधनको प्रयोग हुने कार्य उपभोक्ता समिति मार्फत नगराउनु पर्नेमा सो समेत उपभोक्ता समित मार्फत गराएको छ । उपभोक्ता समिति मार्फत हुने सवै निर्माण कार्यको गुणस्तर परीक्षण गरेको पाइएन । यस्ले गर्दा उपभोक्ता समितिमार्फत सम्पन्न कार्य गुणस्तरीय छ भन्ने यकिन गर्न सकिएन ।

• योजना कार्यान्वयनको लागि उपभोक्ता समिति र पालिकाबीच अनुसूची २ बमोजिमको ढाँचामा सम्झौता गरेपनि ढाँचा अनुसारको सम्पूर्ण विवरण उल्लेख नगरी आंशिक र अपूर्ण विवरण भरी सम्झौता गरेको देखियो ।

• कुनैपनि उपभोक्ता समितिसँग आयोजना कार्यान्वयनको लागि कार्यतालिका लिएको छैन ।

• पालिकाले उपभोक्ता समितिलाई एकमुष्ट भुक्तानी गरेको छ । सार्वजनिक परीक्षण भनी अनुसूची ३ बमोजिमको ढाँचा आंशिकरुपमा भरी राखेको छ । उपभोक्ता समितिले अनुसूची ४ बमोजिमको ढाँचामा सार्वजनिक गर्नुपर्ने ब्यबस्था रहे तापनि वास्तविक रुपमा सार्वजनिक भएको छ भन्ने आधार देखिएन । अनुगमन समितिवाट अनुगमन भएको देखिन्छ तर अनुगमनबाट देखिएको व्यहोरा प्रतिवेदनमा उल्लेख गरेको छैन ।

• उपभोक्ता समितिबाट सम्झौता बमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा त्यस्ता उपभोक्ता समितिको लगत राखी अन्य उपभोक्ता समिति मार्फत निर्माण गर्ने कार्य भएको छैन ।

• उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न कुनै पनि आयोजना उपभोक्तालाई हस्तान्तरण गर्ने तथा उपभोक्ता समितिले उक्त आयोजनाको स्वामित्व लिई मर्मत सम्भार गरेको देखिएन ।

• उपभोक्ता समितिमा रहेको पदाधिकारी एकाघरका भए नभएको सम्बन्धमा एकिन गर्न पालिकाले तीन पुस्ते खुलाई विवरण अध्यावधिक गर्नुपर्नेमा गरेको छैन । जसले गर्दा एकाघरका व्यक्ति उपभोक्ता समितिमा भए नभएको एकिन हुनसकेन । रकम प्राप्त गर्नेको डोर हाजिर तथा अन्य खर्चको भर्पाइ गर्ने एवं ढुवानी गर्ने व्यक्तिको पहिचान खुलेको कागजात स्पष्ट छैन ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, विल भर्पाई र खर्च प्रमाणीत गर्ने अन्य प्रमाण कागजात सर्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । लागत अनुमानको तोकिएको परिमाणमा सामान खरिद नहुँदा लागत अनुमानकै आधारमा मूल्याङ्कन गर्दा निर्माण कार्यको गुणस्तरमा कमी आउने हुन्छ । तर्सथ पालिकाले उपभोक्ता समितिलाई प्रशिक्षित समेत गराई यथार्थपरक विल भर्पाइ पेश गर्न लगाउनु पर्दछ ।घटी परिमाणको सामान खरिद गरेको अवस्थामा बढी मूल्याङ्कन गरी भुक्तानी गर्ने परीपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

२३ **उपभोक्ता बिल र नापी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिमार्फत कार्य गर्ने गराउने सम्बन्धि व्यवस्था रहेका छन् । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा उपभोक्ता समितिमार्फत खरिद व्यवस्थापन गरी भुक्तान गरेका निम्नानुसारका निर्माण कार्यमा उपभोक्ता समितिबाट पेश भएका बिल भरपाई र पालिकाबाट भएको दर विश्लेषण दर एंव परिमाणमा फरक रहेकै अवस्थामा भुक्तानी भएको छ । नमूना परीक्षणको रुपमा बढी लागत अनुमानका निम्न निर्माण कार्यको भुक्तानीसँग सम्बन्धित कागजात परीक्षण गर्दा संलग्न

अनुसूची बमोजिम देखिएकोले पेश भएका बिलभरपाई र कागजातको आधारमा वास्तविक खर्च यकिन गरी प्रमाण पेश गर्नुपर्ने देखिएको रु

| क्रम | निर्माण कार्य र उपभोक्ता समिति | रकम |
|---|---|---|
| ४५.१ | हेमन्त घिमिरेको घर उत्तर कलभर्ट निर्माण उपभोक्ता समिति, रतुवामाई-०९ | ३७,५५८ |
| ४५.२ | कृषि बजार व्यवस्थापन उपभोक्ता समिती, रतुवामाई-०६ | ५४,९१० |
| ४५.३ | सडक मर्मत उपभोक्ता समिती, रतुवामाई-०८ | ४५,०२१ |
| ४५.४ | सोमबारे बजार पूर्वाधार निर्माण उपभोक्ता समिती, रतुवामाई-१० | ५३३९४४ |

**(विस्तृत विवरण बेरूजु दफा २३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,७१,४३३ |

२४ **मूल्य अभिवृद्धिकर रकम वढी भुक्तानी -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिलाई लागत अनुमानमा समावेश भएको मूल्य अभिवृद्धि कर रकम कट्टी गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले उपभोक्ता समितिसंग सम्झौता गर्दा निर्माण कार्यमा प्रयोग हुने सामग्रीहरु माटो, गिटी, मिक्स ग्राभेलमा मूल्य वृद्धि कर जोडी लागत अनुमान तयार गरी सम्झौता गरेको छ । उपभोक्ता समितिहरुले कार्य सम्पन्न पश्चात योजना फरफारक को लागि पेश गरेको विल भरपाई अनुसार लागत अनुमानको मूल्य अभिवृद्धि कर तिरेको बिल पेश नहुदा समेत उपभोक्ता समितिलाई मूल्य अभिवृद्धि कर भुक्तानी भएको देखिएकोले सो रकम असुल गर्नुपर्ने देखिएको रु.

| भौ.न. | उपभोक्ता समितिको | सामाग्री | परिमाण | दिएको भ्याट | कुल रकम |
|---|---|---|---|---|---|
| ६१-२०८०।९।२० | सडक मर्मत उपभोत्ता समिति रतुवामाई-४ मोरङ् | गिट्टी | १० घ.मि. | ११०० | ११००० |
| ६९-२०८०।९।२१ | श्री महेन्द्र माध्यमिक विद्यालय, रतुवामाई-१०, देविस्थान | सिमेन्ट | ४२ बोरा | १०० | ४२०० |
| ७२-२०८०।११।११ | माटो तथा सडक ग्राभेल-टिमा माझीको घर देखि पूर्व जाने बाटो पिच सम्म माटो र ग्राभेल | माटो | १८४ घ.मि. | ३३५.७५ | ६१७७८ |
| १०७-२०८०।१२।१६ | पिपल चौक देखी सुकुम्वासी सम्म सडक निर्माण उ.भो. समिति रतुवामाई न पा १ | माटो | २५ घ.मि. | ३३५.७५ | ११७५२ |
| १९३-२०८०।३।११ | नागो ऋषिदेवको घर देखी भागो ताजपुरीयाको घर सम्म- माटो तथा ग्राभेल | माटो | ६२ घ.मि. | ३००.२१ | १८६१३ |
| कुल | | | | | १०७३४३ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०७,३४३ |

२५ **कृषि विद्युतिकरण कार्यक्रम वडा नं. ३ र ४ -**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ बमोजिम प्राविधिक नाप जाँच गरी वास्तविक कार्य सम्पादन तथा विल र विजकको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । RMUN/NCB/works/09/079-80 को LT New Line Construction for irrigation purpose का लागि वडा नं. ३ र ४ मा रु.४३०९४४८ को लागत अनुमान तयार तयार गरी मिति २०८०।२।२४ मा विद्युतिय ठेक्का आह्वान भएकोमा पेश भएका तिनवटा फर्महरु सारभूत प्रभावग्राही नभएको उल्लेख गरी पुन विद्युत प्राधिकरणसँग दररेट माग गरी मिति २०८०।१०।२६ मा बोलपत्र आह्वान भई वि.एण्ड पी.कन्सट्रक्सनसँग रु.२८३०८४५ मा मिति २०८१।१।६ मा मिति २०८१।२।३० भित्र कार्य सम्पन्न गर्नेगरी सम्झौता भएको छ ।जसमा देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन् ।

• कार्यसम्पन्न मिति २०८१।२।३० सम्म रहेकोमा म्याद थप नगरी मिति २०८१।३।१० गते कार्यसम्पन्न भएको देखियो ।सम्झौता अवधि भन्दा २ दिन पहिलेमात्र पहिलो रनिङ्ग बिल भुक्तानी भएको छ। कुल ७६५० मिटरमा कृषि विद्युतिकरण कार्यका लागि १७० पोल, १५३०० मिटर तार सहितका आवश्यक सामाग्रीहरु खरिद भएकोमा वडा नं. ४ ले १२९ थान पोल र वडा नं. ३ लाई ४१ पोल

जडान भएको उल्लेख भएको छ । नेपाल विद्युत प्राधिकरण रंगेलीले एक पोल देखी अर्को पोलको दुरी ४५ मिटर राख्नुपर्ने भनी सोहि आधारमा १७० पोल खरिद भएको छ ।

• वडा नं. ४ ले प्रयोग नभएको १०१० मिटर र वडा नं. ३ ले प्रयोग नभएको ३०० मिटर ACSR conductor बुझेको देखियो ।तोकिए बमोजिमको दुरीसम्म काम नभएपनि पुरै पोलको प्रयोग गरेको छ । कार्य स्विकार प्रतिवेदनमा ७२० मिटर तार खरिद नभएको र वडाले बुझेको गर्दा कुल २०३० मिटरमा काम भएको देखिएन । जसको आधारमा १७० पोलमध्ये १२४ पोलमात्र प्रयोग हुनुपर्नेमा खरिद भएको सबै पोलको प्रयोग भएको देखियो ।यसरी विद्युत प्राधिकरणले तोकेको भन्दा कम दुरीमा पोल गाड्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ साथै तोकिए बमोजिम कार्यसम्पन्न नहुदा समेत कार्यस्विकार दिने पालिकाको प्रवृतीमा सुधार हुनुपर्दछ ।

• निर्माण व्यवसायीलाई कुल रु.२७५२३७३ भुक्तानी भएकोमा ४६ पोलको १२७३९ ले हुने रु.५८५९९४ थप व्ययभार परेको देखिन्छ । वडा कार्यालयले बुझेको १३१० मिटर तारको ५०.०१ का दरले हुने ६५५१३ रकमको कार्यसम्पन्न गरी कार्यस्विकार प्रतिवेदन पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६५,५१३ |

२६ **सडक बत्ती** - (२३३-२०८१-३-२३):

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ बमोजिम प्राविधिक नाप जाँच गरी वास्तविक कार्य सम्पादन तथा विल र विजकको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । सडकबत्ती नगरक्षेत्रका तालपोल तथा सडक बत्ती कार्यक्रमबाट १६१ वटा ४० बाटका नयाँ बत्ती सहितका सामाग्री खरिद र जडान बापत अनिको कन्सट्रक्सनलाई रु.९१२७३३ भुक्तानी भएको छ । वडा नं. ८/५ र ९ का ७ सडक खण्डको ९.१४ कि.मि. बत्तीको प्रयोग भएको छ । वडा छनौटको आधार पेश भएन । विभिन्न वडा नं. ५ ले भौ.न.१७० बाट समेत सडक बत्तीको कार्य गरेकोमा पुन सोहि वडामा कार्यक्रम संचालन भएको छ । वडाले विद्युतिकरणका सामाग्री खरिद गरेकोमा पालिकाले समेत सोहि कार्य गरेको देखियो । अत कार्यक्रमको दोहोरो नपर्ने गरी पालिकाले विगतका विभिन्न सडक बत्तीको महशुल रकमको भुक्तानी बढ्दै गएको अवस्थामा यस्ता प्रकृतीका खर्चमा नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

२७ **स्कुटर खरिद** -

प्रदेश आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व नियमावली २०७९ को नियम ४१(५) अनुसार खर्च गर्दा त्यस्तो खर्चलाइ पुष्टी गर्ने बिल भरपाई, प्रमाण कागजात सँलग्न गरेर मात्र खर्च लेख्नुपर्ने अबस्था छ ।पालिकाले स्पेशिफिकेशन तयार गरी मिति २०८१।३।१२ मा कोटेशन माग गरेकोमा अग्नि ईन्टरप्राइजेजबाट Ray ZR SR 125 स्कुटर रु.३२४५०० मा खरिद गरेको देखिन्छ । कार्यालयमा ७ थान स्कुटर र ३० वटा मोटरसाईकल रहेकोमा पुन कोटेशन माग गरी स्कुटर खरिद भएको छ । कोटेशन माग यमाहा कम्पनीसँग सम्बन्धित ३ वटा फर्मसँग मात्र गरी खरिद गरेको देखिएकोले फरक फरक सप्लायर्स र उत्पादकबाट पेश भएका दरभाउ पत्रका आधारमा खरिद गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२१** को निर्णयले रू **०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

२८ **रेडक्रस सोसाईटीलाई अनुदान** -

प्रदेश आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व नियमावली २०७९ को नियम ४१(५) अनुसार खर्च गर्दा त्यस्तो खर्चलाइ पुष्टी गर्ने बिल भरपाई, प्रमाण कागजात सँलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ ।नेपाल रेडक्रस सोसाईटी विराटनगर मोरङ्गसँग सम्झौता गरी बरामी भएर उपचार गराईरहेका रतुवाबसीलाई यस पालिकाको बासिन्दा भएको प्रमाण कागजातको आधारमा १ पिन्ट रगत उपलब्ध गराउने र सो वापत पालिकाले १००० का दरले रेडक्रस सोसाईटी मोरङ्गलाई भुक्तानी दिनेगरी सम्झौता भई गत आ.ब.मा २९१३०५ भुक्तानी भएको छ। यसप्रकारको समझदारी भएको सम्बन्धमा स्थानीयस्तरमा जानकारी प्रचार प्रसार भएको नदेखिएकोले सबै नागरीकलाई सहज सेवा प्राप्तिका लागि सेवाको विवरण र सेवा विन्दुबारे स्पष्ट सूचना र जानकारी उपलब्ध गराउने व्यवस्था पालिकाले गर्नुपर्दछ ।

२९ **कल्याणपुर सामुदायिक भवन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिमार्फत कार्य गर्ने गराउने सम्बन्धि व्यवस्था रहेका छन् । पालिकाले आर्थिक वर्ष २०७९।८० मा रु ३७४४०६४।३२ लागत अनुमान भएको कल्याणपुर सामुदायिक भवन निर्माण उपभोक्ता समिति रतुवामाई १ कल्याणपुरसँग मति २०८०।१।२१ मा सम्झौता गरेको छ । तराई मधेश कार्यक्रम अन्तर्गत रु २५ लाख र बाँकी पालिकाले व्यहोर्ने गरी भएको यस सम्झौताको पहिलो वर्ष दुई रनिङ्ग बिलबाट रु २३४०८१८ सम्पूर्ण संघीय श्रोतबाट खर्च लेखिएको र आर्थिक वर्ष २०८०।८१ मा रु ३६७५९७४।५८ कार्यसम्पन्न सहित पालिका श्रोतबाट रु ११६६१६२ खर्च गरेको छ । नमूना परीक्षणको रुपमा यस निर्माण कार्यको भुक्तानीसँग सम्बन्धित कागजात परीक्षण गर्दा निम्नानुसार अवस्था देखिएकोले पेश भएका बिलभरपाई र कागजातको आधारमा वास्तविक खर्च यकिन गरी प्रमाण पेश गर्नुपर्ने देखिएको रु

| S.N. | Item | Rate used in Rate Analysis (Without VAT) | Bill rate Submited by Users (Without Vat) | Different | Qty Used | Units | Bill Submitted by User | Extra Qty Bill Enclosed | Over Payment as per submitted bills | Over Payment as per qty used after deducting User Contribution |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick | 20.5 | 17 | 3.5 | 21317 | Pcs | 26200 | 4883 | 91700 | 67149 |
| 2 | Cement | 700 | 552 | 148 | 611 | Bag | 898 | 287 | 132904 | 81385 |
| 3 | Reinforcement | 97 | 92.44 | 4.56 | 6068 | Kg | 6409 | 341 | 29225 | 24903 |
| | | | **Total** | | | | | | **228446** | **173437** |

साथै, पालिकाअन्तर्गत उपभोक्ता समितिमार्फत कार्य सम्पादन गराईने सम्पूर्ण कार्यमा लागत अनुमानमा विपद कोषमा १ प्रतिशत, मर्मत सम्भार कोषमा २ प्रतिशत र कन्टेन्जेन्सी ३ प्रतिशत गरी जम्मा ६ प्रतिशत घटाई हुन आउने ९४ प्रतिशतलाई शतप्रतिशत गणना गरी सो अंकमा १० प्रतिशत जनसहभागिता जुटाउने गरी कार्य गराउने गरेको छ । कुल लागत अनुमान र सम्झौता अंकमा तोकिएको प्रतिशत लागत सहभागिता भएको सुनिश्चित हुने गरी अभिलेखिकरण गर्नुपर्दछ ।

| प्रमाण पेश नगरेको | १,७३,४३७ |
|---|---|

३० **गत आ.ब.को भुक्तानी** - (36-२०८०-७-२२):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। रतुवामाई न.पा. वडा नं ७ विभिन्न सडक मर्मतवापत गत आ.ब.मा कार्य सम्पन्न भई रु.६१८५० भुक्तानी यस आ.ब.मा भएको देखिन्छ । भुक्तानी दिन बाँकीको कच्चावारी प्रमाणित गरी भुक्तानी दिनुपर्नेमा पालिकाले अन्य योजनाको कच्चावारी प्रमाणित गरेकोमा यस योजना भुक्तानी दिन कच्चावारी प्रमाणित नगरी भुक्तानी दिएको देखिएकोले अनियमित देखिएको रु.

| अनियमित भएको | ६१,८५० |
|---|---|

३१ **स्थलगत निरीक्षण** -

नगरपालिकाले यसवर्ष अधिकांश निर्माण कार्य उपभोक्तासमितबाट गराएको छ । यसरी गरिएका निर्माण कार्यको अनुगमन स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(३) अनुसार पालिका प्रमुख र जिल्ला समन्वय समितिका प्रमुखले वा उक्त पदाधिकारीहरुले तोकेको अधिकारीले गर्ने व्यबस्था छ । पालिकाले भुक्तानी श्रेस्तासाथ संलग्न गरेको योजना अनुगमन समितिको सिफारिस फारममा संलग्न पदाधिकारी र योजनाको नाम लेख्ने गरेको, लागत अनुमान, सम्झौता मिति, सम्पन्न मिति लगायतका विवरणहरु पूर्ण रुपमा नभरी आंशिक भर्ने गरेको देखियो । अनुगमन पश्चात दिएको योजनाको प्रतिबेदनमा योजनाको कार्यान्वयनको पुष्टयाई गर्ने तस्वीर, अनुगमनका क्रममा देखिने त्रुटी लगायतको कुराहरु उल्लेख नगरी पहिले नै राम्रो रहेको भनी भरेको फारम संलग्न गरेको देखियो । भौतिक पुर्वाधार तर्फका योजनाहरुको अनुगमन प्रतिवेदन भएकोले पालिका स्तरबाट हुने सम्पूर्ण पुर्वाधारका योजना,तालिम कार्यक्रम, बितरणमुखी कार्यक्रम तथा क्षमता बिकास कार्यक्रमहरुको समेत अनुगमन तथा निरीक्षण गरी श्रोत साधनको सदुपयोग सम्बन्धमा बिश्लेशण गर्नुपर्दछ ।

३२ **कन्टेन्जेन्सी खर्च** -

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानमा कन्टिजेन्सी खर्च समावेश गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयानुसार खर्च गर्दा पुँजीगत प्रकृतिको बर्कचार्ज

स्टाप खर्च २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशत नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ । पालिकाबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट कट्टा गर्ने गरेको देखिएतापनि सोको आयोजनागत कन्टिजेन्सी खर्चको अभिलेख तयार गरी राख्नुपर्नेमा सो राख्ने गरेको छैन । सो अनुसारको अभिलेख नराखी खर्च गर्नाले उद्देश्य अनुरुप खर्च भएको सम्बन्धमा बिश्वस्त हुने आधार देखिएन । पालिकाले यस वर्ष कन्टेन्जेन्सी वापत खर्च रकमको ३ प्रतिशत कट्टीगर्ने गरेको जनाएकोमा योजनागत रूपमा अभिलेख राखेको देखिएन । यसरी अभिलेख नराखी खर्च लेखेकोले वास्तविक पुंजीगत खर्चको अनुपातमा कन्टिन्जेन्सी खर्चको सीमा नाघे ननाघेको सम्बन्धमा यकिन गर्ने आधार भएन।

३३ **डोर हाजिरी -**

नगरपालिकाले डोर हाजिरी फारम नियन्त्रण खाता म.ले.प.फा नं १७५ राख्ने गरेको छैन भने डोर हाजिरी फारममा सिलसिलेवार नम्बर कायम गरी राखेको समेत छैन । यसले गर्दा योजनाहरुमा के कति डोर हाजिरी फारमहरु को कसको नाममा र कुन कामको लागि कहिले जारी भए तथा डोर हाजिरी फारम जारी गर्नुको उद्देश्य अनुसार काम भए नभएको यथार्थ मूल्याङ्कन गर्ने अवस्था रहेन । पेश भएका सबै डोर हाजिरमा सहि छाप गरेको देखिदैन । त्यस्तै कुन अवधिको डोर हाजिर हो मिति उल्लेख हुने नगरेकोले डोर हाजिरी नियन्त्रण खाता राखी मागफारमको आधारमा नम्बरगत रुपमा जारी गरी तोकिए अनुसार काम भए नभएको अनुगमन मूल्याङ्कन गर्ने तथा डोर हाजिर प्रमाणित गर्ने व्यवस्था हुन आवश्यक देखिन्छ ।

३४ **लागत सहभागिता नभएको** - (६-२०८०-६-१८):

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२१** को निर्णयले रू **१४७,७६७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३५ **मुल्य अभिवृद्धी कर दाखिला -**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ बमोजिम प्राविधिक नाप जाँच गरी वास्तविक कार्य सम्पादन तथा विल र विजकको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले निर्माण गरेका विभिन्न सडकका लागि दररेट विश्लेषण गर्दा माटो खरिदमा मुल्य अभिवृदी कर समेत जोडेर लागत अनुमान तयार गरेको देखिन्छ । उपभोक्ता समितिले पेश गरेका बिल भरपाईमा पान नं. उल्लेख भएका बिल संलग्न गरी माटो खरिदको रकम भुक्तानी दिएको देखियो अत : लागत अनुमान बमोजिम भुक्तानीमा मुल्य अभिवृद्धी कर पेश भएको नदेखिदा सो रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु.

| भौ.न. | उपभोक्तासमिति | सामाग्री | परिमाण | दिएकोभ्याट | कुलरकम |
|---|---|---|---|---|---|
| ५-२०८०।६।१६ | धकुवामुनी आरसीसी कल्भर्ट वडा नं. २ | बालुवा | ६५.५घनमिटर | ११०.५ | ७२३८. |
| | | गिट्टी | ६६ घ.मि. | ११३.७५ | ७५०८ |
| ७२-२०८०।११।११ | माटो तथा सडकग्राभेल-टिमा माझीको घर देखि पूर्व जाने बाटो पिच सम्म माटो र ग्राभेल | माटो | १६४१ घ.मि. | २०.४७५ | ३३६०० |
| ८३-२०८०।१२।६ | डम्बर टोल जानेबाटो ग्राभेल | माटो | २१४ घ.मि. | २०.४७५ | ४३८२ |
| १०७-२०८०।१२।१६ | पिपल चौक देखीसुकुम्वासी सम्म सडक निर्माण उ.भो. समिति रतुवामाई न पा १ | माटो | २४० घ.मि. | २०.४७५ | ४९१४ |
| १६८-२०८०।२।२७ | बाँसमुनीआ.सि.सि. कल्भर्ट निर्माण उ.स., रतुवामाई-२ | माटो | १९४ घ.मि. | २०.४७५ | ३७९२ |
| १९३-२०८०।३।११ | नागो ऋषिदेवकोघर देखी भागो ताजपुरीयाको घर सम्म- माटो तथा ग्राभेल | माटो | ८४८ घ.मि. | २०.४७५ | १७३६३ |
| जम्मा | | | | | ७८७९७ |
| | | | | असुल गर्नुपर्ने | ७८,७९७ |

३६ **नापी किताब प्रबिष्टी एवं अभिलेख -**

निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनका लागि स्वीकृत ढाँचाको नापी किताब म.ले.प.फा.न. १७१ मा ठेक्का नं., आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यबस्था छ । पालिकाले नापी सम्बन्धी अभिलेख नापी किताबमा नराखी लुज सिटमा तयार गर्ने गरेको पाईयो । तोकिएको ढाँचामा सबै व्यहोरा खुलाई एउटै नापी किताव नराखी, सम्झौता मिति,सम्पन्न मिति, नापजाँच गरेको मिति लगायत नखुलाई, ठेक्का बिल अनुसार अलग अलग नापी किताब राख्दा नियमावलीको व्यवस्था अनुसार २० वर्षसम्म आवश्यक सूचना लिन अभिलेख व्यबस्थापन गर्न कठिन पर्ने तथा अघिल्लो रनिङ विलको रकम भुक्तानी गर्दा दोहोरीने सम्भाबना रहेन देखिन्छ। क्रमागत तथा बहुबर्षिय योजना कार्यक्रमको लागि गत बिगतसम्म के कती भुक्तानी भए सो को अध्ययन तथा जानकारीको लागि नापी किताब अत्यावश्क रहने हुनाले सम्बन्धित नापी किताब श्रेस्तासाथ मात्र नराखी अभिलेख ब्यबस्थापनमा समेत सहयोगी हुनेगरी सम्झौता मिति, सम्पन्न मिति, नापजाँच गरेको मिति लगायत खुलाई व्यवस्थित रुपमा राख्नुपर्दछ ।

३७ **लागत अनुमान तथा दर बिष्लेषण -**

सार्बजनिक खरिद नियमाबली, २०६४ को नियम १० को उपनियम (१) मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नियम ९ को अधीनमा रही तयार गर्नु पर्ने व्यबस्था रहेको र उपनियम २ मा उक्त लागत अनुमान तयार गर्दा प्रयोग गरिने नर्म्स सम्बन्धी व्यबस्था रहको छ । पालिकाले सञ्चालन गरेका योजनाहरुको लागत अनुमान तयार गर्दा सडकका लागि सडक विभागको र भवनको लागि भवन विभागबाट जारी भएको नर्म्सको प्रयोग गरी निर्माण सामाग्री लगायत स्थानीय श्रोत साधन, श्रमशक्ति तथा निर्माण सामाग्रीको उपलब्धता समेत बिश्लेषण गरी किफायती नर्म्सको प्रयोग गर्नुपर्दछ ।

३८ **एकिकृत आय-व्यय विवरण**

३८.१ **वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र

लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार र अनुसूचीमा समावेश गरेबमोजिम देखिएको छः

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | |
|---|---|---|---|---|---|
| क्र.स./ आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | गत आ.ब. को कारोबार | |
| | | नगद | जम्मा | नगद | जम्मा |
| | राजस्व अनुदान र अन्य प्राप्ति | | | | |
| ११००० | कर | १५६७५२१७८. | १५६७५२१७८. | १२६८३१७४७.४४ | १२६८३१७४७.४४ |
| १३००० | अनुदान | ५०२४१०७२४.७५ | ५०२४१०७२४.७५ | ५५४७८९७२३.७६ | ५५४७८९७२३.७६ |
| १४००० | अन्य राजस्व | ४५६०५०७८.८६ | ४५६०५०७८.८६ | २१८५०८७१.७१ | २१८५०८७१.७१ |
| १५००० | विविध प्राप्ति | २२७७३३.६४ | २२७७३३.६४ | ३२७५२०. | ३२७५२०. |
| क | कुल जम्मा प्राप्ति | ७०४९९५७१५.२५ | ७०४९९५७१५.२५ | ७०३७९९८६२.९१ | ७०३७९९८६२.९१ |
| ३ | चालु | ४९१५३५०१४.३५ | ४९१५३५०१४.३५ | ४५६४८२३९७.०५ | ४५६४८२३९७.०५ |
| २१००० | पारिश्रमिक / सुविधा | १३४३००२८२.२३ | १३४३००२८२.२३ | २८८०१९४४५.१२ | २८८०१९४४५.१२ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | १३०६८५६३८.३१ | १३०६८५६३८.३१ | १२०८६८६२५.६३ | १२०८६८६२५.६३ |
| २५००० | सहायता (Subsidy) | २०६०४२६५६.८१ | २०६०४२६५६.८१ | २२९०४०२०.३ | २२९०४०२०.३ |
| २६००० | अनुदान | ९७५०००. | ९७५०००. | ३५००००. | ३५००००. |
| २७००० | सामाजिक सुरक्षा | १४८३०२९२. | १४८३०२९२. | २०५७६५३६. | २०५७६५३६. |
| २८००० | अन्य खर्च | ४७०११४५. | ४७०११४५. | ३७६३७७०. | ३७६३७७०. |
| ४ | पूंजीगत | १६२२०६०८५. | १६२२०६०८५. | २४६१८९२७१.१२ | २४६१८९२७१.१२ |
| ३१११० | भवन तथा संरचना | २४३२०४२४. | २४३२०४२४. | ६४२६७६१८. | ६४२६७६१८. |
| ३११२० | सवारी साधन मेशिनरी औजार फर्निचर्स तथा फिक्चर्स | ५९२४०४६. | ५९२४०४६. | १५८५६३३३. | १५८५६३३३. |
| ३११३० | अन्य पूँजीगत खर्च | ९९,०५०.०० | ९९,०५०.०० | ७४७३७२२. | ७४७३७२२. |
| ३११५० | सार्वजनिक निर्माण | १३१७७७३३५. | १३१७७७३३५. | १४५३०६८५३.१२ | १४५३०६८५३.१२ |
| ३११७० | पूँजीगत सुधार खर्च | ८५,२३०.०० | ८५,२३०.०० | १३२८४७४५. | १३२८४७४५. |
| ख) | कुल जम्मा भुक्तानी | ६५३७४१०९९.३५ | ६५३७४१०९९.३५ | ७०२६७१६६८.१७ | ७०२६७१६६८.१७ |
| ग) | बचत /कमी (ग = क-ख ) | ५१२५४६१५.९ | ५१२५४६१५.९ | ११२८१९४.७४ | ११२८१९४.७४ |
| घ) | धरौटी आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | ८७९१०८३.३७ | ८७९१०८३.३७ | -१५०६०५६०.६२ | -१५०६०५६०.६२ |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | ६००४५६९९.२७ | ६००४५६९९.२७ | -१३९३२३६५.८८ | -१३९३२३६५.८८ |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | ५८२२१९४४.९ | ५८२२१९४४.९ | ७२१५४३१०.७८ | ७२१५४३१०.७८ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | समायोजन | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | ११८२६७६४४.१७ | ११८२६७६४४.१७ | ५८२२१९४४.९ | ५८२२१९४४.९ |

**(विस्तृत विवरण बेरूजु दफा ३८.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३८.२ **वित्तीय विवरणको यथार्थता -**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. २६७४१९२८८।५१, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु ४०९४२६९०, पर्यटन पुर्वाधार विकास कार्यक्रमको रु ११८१६८४, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु ३७२५००० समेत रु ३१३६८३६६२।५१ सूत्र प्रणालीमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

३९ **बजेट पेश, पारित र अख्तियारी -**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा नगर पालिका उप प्रमुख श्री दमयन्तादेवी चुडालले मिति २०८०।०३।३१ गते रु.७६ करोड ४० लाख ३५ हजार ४ सय ६ को बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८०।०३।३१ मा पारित भएको देखिन्छ। यसैगरी स्थानीय तहका नगर प्रमुख श्री नागेश्वर प्रसाद सिंह गनगाईले मिति २०८१।०४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ।

४० **क्षेत्रगत बजेट र खर्चको स्थिति-**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्षेत्र/ उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|
| आर्थिक विकास | ३९५८०००० | ३५१८९३३७ | ५.३८ |
| सामाजिक विकास | ३४४६९७६५० | ३१२४३५६४१ | ४७.८ |
| पूर्वाधार विकास | १८७०२५४७७ | ११९२१०७३० | १८.२ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १४८३००० | ५८८७६० | ०.०९ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | २२१२१५०४३ | १८६३१६६३१ | २८.५ |
| जम्मा | | ६५३७४१०९९ | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सवैभन्दा बढी सामाजिक विकास क्षेत्रमा ४७.७९ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा कम ०.०९ प्रतिशत रहेको देखिन्छ ।

४१ **त्रैमासिक पूँजीगत खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक

पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

(रु.हजार मा)

| बजेट शिर्षक उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | आषाढ महिना |
| **जम्मा खर्च** | १६२२०६ | २४७१ | १३५६६ | ३४२९४ | १११८७५ | ५०७४७ |
| **खर्च प्रतिशत** | १०० | १.५२ | ८.३६ | २१.१४ | ६८.९७ | ३१.२९ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक रु.१६ करोड २२ लाख ६ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.२४ लाख ७१ हजार (१.५२ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.१ करोड ३५ लाख ६६ हजार (८.३६ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.३ करोड ४२ लाख ९४ हजार (२१.१४ प्रतिशत) र चौथो त्रैमासिकमा रु.११ करोड १८ लाख ७५ हजार (६८.९७ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.५ करोड ७ लाख ४७ हजार (३१.२९ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

४२ **आन्तरिक नियन्त्रण प्रणाली -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था रहेकोमा त्यस्तो प्रणाली तयार गरी लागू गरेता पनि प्रभावकारीरुपमा कार्यन्वयन भएको छैन । यस सम्बन्धमा देखिएका व्यहोरा तपशिल बमोजिम रहेका छन् :

**वजेट व्यवस्थापनतर्फ**

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गरेको छैन ।

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार गरेको छैन।

• दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार गरेको छैन ।

• स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरी सोको पालना गर्नु पर्नेमा सो नगरि सघं र प्रदेश अनुसार गर्ने गरेको।

• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गर्नु पर्नेमा तयार गरेको छैन ।

**खरिद व्यवस्थापन तर्फ**

• सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा खरिद गुरुयोजना र वार्षिक खरिद योजना योजनागत र कार्यक्रमगत योजनाको विवरण पुर्ण रुपमा तयार गरेको छैन ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरुको दिगोपना र संरक्षणका लागि उपभोक्ता समितिलाई हस्तान्तरण गर्नु पर्नेमा सो गरेको पाईएन आगामी दिनमा त्यस तर्फ ध्यान पुर्याउनु पर्ने।

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरिएतापनि त्यसको पुर्ण कार्यान्वियन र उपयोग पृष्ठपोषणका लागि भएको छैन ।

• उपभोक्ता समितिलाई दिएको कामको अनुगमन पालिका र वडास्तरमा गर्ने गरिएतापनि अनुगमन प्रतिवेदन पुर्ण रुपमा तयार नगरेको र अनुगमनको क्रममा कस्ता कैफियत देखिए र सोको सुधारका लागि के कस्ता प्रयास भए पुष्ट्याई हुने अवस्था देखिएन ।

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख अवस्था अद्यावधिक गरेको छैन ।

• खरिद व्यवस्थापन भएका ठेक्का फाईलको विस्तृत विवरण देखिने गरि ठेक्का अभिलेख र कन्टिन्जेन्सी खाता राखेको छैन ।

**भ्रमण खर्च व्यवस्थापनतर्फ**

• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई उपभोग र वितरणमुखी रहेको देखिएको छ ।

**शिक्षातर्फ**

• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन।

• मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था रहेको छैन ।

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु व्यवस्थित गरि शाखामा राखेको छैन ।

• संस्थागत विद्यालयहरूको दर्ता, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित गरेको छैन ।

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट गरेतापनि तथ्यांकमा एकरुपता रहेको छैन ।

**विविध तर्फ**

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गरेको छैन ।

• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको छैन ।

• म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका म. ले. प. फारामको प्रयोग पुर्णरुपमा र उद्देश्यअनुरुप प्रयोग र अभिलेख राखेको छैन ।

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा सोको स्पष्ट अभिलेखन गरेको पाईएन।

• पालिकाले आर्थिक वर्षको समग्र आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार गरेको, कार्यक्रमगत तथा योजनागत खाता राखेको, संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएता पनि सुत्र र यथार्तामा भिडान भएको पाईएन ।

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय नगरेको तथा पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारी दरवन्दीबमोजिम पदपूर्ती नहुँदा सेवा प्रवाहमा असर परेको छ । पदपूर्ती सम्बन्धमा सम्बन्धित निकायमा समन्वय गर्नु पर्नेमा सो गरेको छैन ।

• वातावरणको संरक्षणको एकीकृत दिर्घकालीन योजना तयार नगरेको र शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको छैन ।

• पालिकाको कार्य प्रकृति अनुसार पालिका र वडास्तरमा सार्वजनिक निकायको प्रमुखले माताहत कर्मचारीलाई कार्यविवरण/कार्यादेश दिई कार्यसम्पादनमा गराउनुपर्नेमा सो भएको छ।

• एकीकृत आर्थिक तथा वर्गीकरण र ब्याख्या २०७४ (दोस्रो संस्करण) बमोजिम शिर्षकगत खर्च भन्दा फरक शिर्षकबाट खर्च गरेको छ ।

**सामाजिक सुरक्षातर्फ** –

• सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ दो दफा १२ अनुसार कुनै लाभग्राहीको मृत्य भएमा, बसाइ सरी गएमा वा अन्य कुनै कारणले लगत कट्टा गर्नु परेमा लगत कट्ट गरीएको व्यहोरा अभिलेखमा स्पष्ट जनाई सम्बन्धित स्थानीय तहको वडा सचिव वा निजले तोकेको जिम्मेवार वदाधिकारीले प्रमाणित गर्नु पर्ने व्यवस्था भएकोमा सो बमोजिम गरेको पाईएन । पालिकाले यसतर्फ ध्यान दिने पर्दछ।

• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ अनुसार आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्वन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय तहको सभामा पेश गर्नुपर्ने स्थानीय तहले संचालन गरेको चौमासिक वा बार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्नु पर्ने व्यवस्था गरेकोमा पालिकाले सो बमोजिम गरेको पाईएन ।

उपरोक्त व्यहोरामा सुधार गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

४३ **कर्मचारी व्यवस्थापन** -

पालिकाले आफ्नो नियमित कार्य संचालन गर्न कार्यबोझ, कार्य प्रकृति तथा कार्य परिमाण समेतको आधारमा संगठनात्मक सर्वेक्षण गरी दरबन्दी कायम गर्नु पर्दछ । पालिकाले संघीय मामिता तथा सामान्य प्रशासन मन्त्रालयले पठाएको दरबन्दी संरचन अनुसारको पदपुर्ति तथा रिक्तको स्थिति देखिने गरी विवरण तयार गरेको पाइएन। पालिकाको सभावाट संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत गरी जम्मा १९४ कर्मचारीको दरबन्दी रहेको देखियो । यसरी थप दरबन्दी प्रस्ताव गर्दा सेवा सुविधाको लागि लाग्ने खर्चको श्रोत समेत विश्लेषण गरेको देखिएन।पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित जम्मा १५८ दरवन्दी पदपूर्ती मध्ये ७१ जना कर्मचारीहरू करारमा पदपूर्ती र ३६ दरवन्दी रिक्त रहेको देखिन्छ । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर पर्ने देखिएकोले रिक्त पदहरू यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । दरवन्दी र पदपूर्तिको अवस्था अनुसूचीमा समावेश गरिएको छ।

**(विस्तृत विवरण बेरूजु दफा ४३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४४ **नीति तथा कार्यक्रम कार्यान्वयन**

रतुवामाई नगरपालिकामा हरेक आर्थिक वर्षमा नगर प्रमुखबाट नीति तथा कार्यक्रम र उप प्रमुखबाट बजेट प्रस्तुत हुने तथा गरेको छ । पालिकामा उपलब्ध जनशक्ति र पदाधिकारीसँग छलफल हुँदा आर्थिक वर्ष २०८०।८१ मा घोषित नीति तथा कार्यक्रमको कार्यान्वयन अवस्था निम्नानुसारको रहेको छ :

| क्र स | घोषित कार्यक्रम , योजना वा विषय | कार्यान्वयन अवस्था |
|---|---|---|
| १ | नगरपालिकाका सडक मार्गलाई नम्बरिङ्ग र नामाकरण गरिने | नम्बरिङ नगरिएको र आशिक सडकहरुको नामाकरण गरिएको जस्तै जिपी मार्ग, मदन भण्डारी मार्ग, लखनलाल अमात मार्ग, |
| २ | विपन्न नागरिकको घरमा निशुल्क विद्युत मिटर जडान गरिने | नगरिएको |
| ३ | कृषकहरुको विद्युत महशुल मिनाहा | कृषकहरुको कृषि सिंचाई मिटरको विलको रकम भूक्तानी गरिएको जसमा ४१९७ वटा मिटरको रु. ३४ लाख २७ हजार १ सय ८१ रुपैया नेपाल विद्धुत प्राधिकरण रंगेली र उर्लावारी शाखालाई भूक्तानी गरिएको |
| ४ | बक्राहा र रतुवा नदिमा बायो ईन्जिनियरिङ्ग कार्य | बक्राहा र रतुवा नदिले कटान गरेको स्थानमा वाँसको पायलिङ प्रविधिवाट अस्थायी नियन्त्रण गर्ने गरिएको |
| ५ | हाट बजारहरुलाई करको दायरामा समेटिने | हाट बजारहरुलाई करको दायरामा समेट्न नसकिएको |
| ६ | बजारबाट उत्पादन हुने फोहोरमैलालाई व्यवस्थित गरिने | नगरपालिकावाट फोहोरमैला संकलन गर्ने गरिएको तर ब्यवस्थित ल्याण्डफिल्ड नभएको |
| ७ | विद्यालय प्रधानअध्यापकसँग कार्य सम्पादन सम्झौता | नगरिएको |
| ८ | नगरपालिकाका कर्मचारी र परिवारको निशुल्क स्वास्थ्य बिमा | नगरिएको |
| ९ | किसानबाट उत्पादित कृषिजन्य सामाग्रीहरुको भण्डारण व्यवस्था गरिने | चिस्यान केन्द्र निर्माण भएको र सञ्चालन हुन वाँकी रहेको मिनी कोल्डस्टोर सञ्चालन कार्यविधि २०८० मिति २०८०/१०/२९ को का.पा. बैठकवाट पारित गरिएको |
| १० | विउ विजन भण्डार गृह वडा नं ९ लाख सञ्चालनमा ल्याईने | सञ्चालनमा नआएको |
| ११ | पालिकास्तरमा उद्योग दर्ता गर्ने व्यवस्था गरिने | उद्योग दर्ता गर्ने एन तथा कार्यविधिको मस्यौदा तयार भएको |
| १२ | नगरपालिका मातहत कर्मचारी आचारसंहिता निर्माण गरि लागु गरिने | नगरपालिका मातहत कर्मचारीको आचारसंहिता निर्माण गरि मिति २०८०/१०/२९ को का.पा. बैठकवाट पारित गरी लागु गरिएको |
| १३ | पालिका अन्तर्गतका निकाय र विद्यालयमा विद्युतिय हाजरि प्रणालीको प्रयोग | विद्यालय वाहेक वडा कार्यालहरु वडा नं. १, वडा नं. २ ,वडा नं. ३, वडा नं. ४, वडा नं. ५, वडा नं. ६, वडा नं. ७, वडा नं. ८, वडा नं. ९ र वडा नं. १० र स्वास्थ्य संस्थाहरु- आधारभूत स्वास्थ्य केन्द्र वडा नं. १, आधारभूत स्वास्थ्य केन्द्र वडा नं. २, स्वास्थ्य केन्द्र वडा नं. ३, नगर अस्पताल वडा नं. ४, स्वास्थ्य केन्द्र वडा नं. ५, आधारभूत स्वास्थ्य केन्द्र वडा नं. ६, स्वास्थ्य केन्द्र वडा नं. ७, आधारभूत स्वास्थ्य केन्द्र वडा नं. ८ , स्वास्थ्य केन्द्र वडा नं. ९, आधारभूत स्वास्थ्य केन्द्र वडा नं. १० मा प्रयोग भएको |
| १४ | करको दायरा विस्तारका लागि घुम्ती शिविर संचालन | घुम्ती शिविर सञ्चालन नगरिएता पनि कर्मचारी खटाई नियमित कर तिर्न सचेत गराउने गरिएको |
| १५ | नमूना विद्यालय छनौट गरी खेलकुद प्रशिक्षक व्यवस्था गरिने | नगरिएको |
| १६ | पशु विमा, स्वास्थ्य विमा र कृषि बिमा कार्यक्रम | स्वास्थ्य विमा आंशिक रुपमा गर्ने गरिएको। विपन्न परिवारको विमा नविकरण वडा नं. -५ का २०० परिवारको रु. ७ लाख, वडा नं. -७, को ५७ परिवारको विमा रु. १९९५०० र वडा नं. -८ को ५७ परिवारको विमा रु.१९९५०० गरी जम्मा १०९९००० भुक्तानी गरिएको । |

पालिकाले कार्यान्वयन गर्ने गरी नीति अवलम्बन गरेका तथा कार्यान्वयनमा लगेका योजना तथा कार्यक्रमलाई नेपाल सरकारका अन्य निकायसँग दोहोरो नपर्ने गरी व्यवस्थित गर्नुका साथै उपलब्ध श्रोत र क्षमताको विश्लेषणका आधारमा नीति तथा कार्यक्रम तर्जुमा गर्ने र घोषित नीति तथा कार्यक्रमको कार्यान्वयनका लागि श्रोत व्यवस्थापन सहित प्रभावकारी कार्यान्वयन गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

४५ **न्यायीक समिति -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यस वर्ष कुल ५९ विवाद दर्ता भएकोमा ३१ वटा मुद्दाको मिलापत्र भएको, २ वटा दरपिट गरिएको, १५ तामेलिमा राखिएको र बाँकी ११ वटा मिलापत्र नभएको देखिन्छ। न्यायिक समितिमा दर्ता भएका मुद्दाहरु दुवै पक्ष उपस्थित गराई छलफल पश्चात मिलापत्र गराउने गरेको देखियो । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

साथै, पालिकाको अर्थिक ऐन,२०८० को अनुसूची ९ मा उजुरी दस्तुर रु.१०, प्रतिउत्तर दस्तुर रु.१० र अन्य प्रतिलिपि दस्तुर रु.१० निर्धारण गरेकोमा पालिकाले कुनै पनि शुल्क नलिई ५९ विवादहरु दर्ता गरेको देखिएकोले आफैले तयार गरेको आर्थिक ऐन, २०८० बमोजिमको दस्तुर शुल्क लिएर मात्र विवाद दर्ता गर्नु पर्दछ ।

४६ **सेवा प्रवाह-**

कार्यालयको मूख्य उद्देश्य हासिल गर्न सेवाग्राहीलाई सरल, सहज र समयमै प्रभावकारी सेवा उपलब्ध गराउनु हो । कार्यायबाट प्रवाह हुने सेवालाई अझै सरल, सहज, मितव्ययी, गुणस्तरीय र प्रभावकारी बनाउनेतर्फ ध्यान दिनु पर्दछ।

| सिनं | विवरण | सेवा प्राप्तिको निवेदन संख्या | सिफारिश सख्या | कैफियत |
|---|---|---|---|---|
| १ | नागरिकता सिफारिस | ३२९१ | ३२९१ | |
| २ | घरबाटो सिफारिस | ११२८ | ११२८ | |
| ३ | नाता प्रमाणित | १२७६ | १२७६ | |
| ४ | जन्म, मृत्यु ,दर्ता | १५४३ | १५४३ | |
| ५ | अन्य | ४८४६ | ४८४६ | |

४७ **बजेट सीमा निर्धारण समिति –**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेतापनि प्रमुख प्रशासकिय अधिकृतले विषयगत शाखा र वडा समितिलाई क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण गरेको पाइएन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

४८ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्न सक्ने तथा आन्तरिक श्रोतको क्षमता विश्लेषण गरी मितव्ययी तवरले सहायता र सहयोगका कार्यक्रम सञ्चालन गर्नुपर्दछ । पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई निम्नानुसारका १४ क्रियाकलाप/शिर्षकमा रु. ४४ लाख ५० हजार बजेट विनियोजन

गरी रु ३१ लाख ११ हजार आर्थिक सहायता वा सहयोग वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु २ करोड ६० लाख २२ हजारको ११.९५ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर वितरणमुखी तवरले पटके निर्णयका आधारमा आर्थिक सहायता वितरण गर्ने प्रवृत्तिमा नियन्त्रण हुनुपर्दछ ।साथै आर्थिक वितरण सम्बन्धि विवरण कार्यालयको वेभसाइटमा समेत सार्वजनिकिकरण गर्नु पर्दछ ।

| क्र.सं. | सहयोग वा सहायताका शिर्षक | विनियोजन | खर्च |
|---|---|---|---|
| १ | उद्दार राहत तथा पुनर्स्थापना खर्च | ५००००० | ३७९७५४ |
| २ | आर्थिक सहायता | २०००००० | १४६४९०५ |
| ३ | आर्थिक सहायता-वडाका विपन्न तथा अन्य परिवार | २००००० | १६४००० |
| ४ | आर्थिक सहायता | १००००० | ६५००० |
| ५ | आर्थिक सहायता- वडाका विपन्न तथा अन्य | २००००० | १८८००० |
| ६ | अन्य सामाजिक सहायता | २००००० | १५६००० |
| ७ | आर्थिक सहायता-वडाका विपन्न तथा अन्य | २००००० | १०७३०० |
| ८ | आर्थिक सहयोग-वडा नं. ५ का विपन्न परिवार | १२०००० | ४४००० |
| ९ | आर्थिक सहायता | ५५००० | ५५००० |
| १० | आर्थिक सहयोग-वडा भरी-वडा नं ६ | २००००० | ५०००० |
| ११ | साँस्कृतिक पर्व तथा मठ-मन्दिर सहयोग | ७५००० | ४०००० |
| १२ | आर्थिक सहायता | २००००० | १३१००० |
| १३ | अन्य सामाजिक सहायता | २००००० | ६९००० |
| १४ | आर्थिक सहायता-वडाका ब्यक्ति तथा संघ/संस्थालाई | २००००० | १९६७८५ |
| | जम्मा | ४४५०००० | ३११०७४४ |

४९ **जिन्सी व्यवस्थापन -**

४९.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । पालिकाबाट तयार गरेको जिन्सी निरीक्षण प्रतिवेदनमा व्याकहो लोडर, स्कार्पियो, टेलिभिजन, फोटोकपी मेसिन, भ्याकुम क्लिनर र रिभल्विङ कर्चीं लगाएतका मालसामान लिलाम गर्नुपर्ने भनि उल्लेख छ तर नियमावलीमा व्यवस्था भए बमोजिम प्रयोगमा नरहेको मालसामान लिलाम गरेको देखिएन । लेखापरीक्षणको समयमा प्राप्त विवरण अनुसार जिन्सी प्रतिवेदनमा उल्लेखित लिलाम गर्नुपर्ने सामानको लिलाम प्रक्रियामा रहेको जानकारी कार्यालयले दिएको छ। ऐन, नियमावलीमा व्यवस्था भएबमोजिम मर्मत वा लिलाम गर्नु पर्नेतर्फ मालसामान समयमा नै गर्नुपर्ने देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् :

४९.२ **सरकारी सम्पत्ती अभिलेख -**

स्थानीय सरकार संचालन ऐन ९७(४) मा नगरपालिकाले आफ्नो चल तथा अचल सम्पत्तिको उपयोग सम्बन्धमा अभिलेख अध्यावधिक राख्नु पर्दछ । पालिकाले आफ्नो मातहतको सार्वजनिक जगा, भवन लगाएतका सार्वजनिक सम्पत्तिको विवरण (PAMS) प्रणालिमा अध्यावधिक गरेको देखिएन। पालिका अन्तर्गतका सम्पुर्ण भवन तथा सरकारी जगाको सार्वजनिक सम्पत्ति व्यवस्थापन

प्रणाली (PAMS) मा पुर्ण रुपमा विवरण अध्यावधिक गर्नु पर्दछ।

४९.३ PAMS दाखिला -

महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरूलाई २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रूपमा (PAMS) मा प्रविष्ट गर्ने र अनिवार्य रूपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । पालिकाले खरिद मालसामानहरु (PAMS) मा प्रविष्ट गर्ने गरेतापनि वडा कार्यालयहरुबाट खरिद भएका मालसामानहरु (PAMS) मा दाखिला गरेको देखिएन। ऐन नियमावलीमा व्यवस्था भए बमोजिम (PAMS) प्रणाली लागु गर्नु पर्दछ ।

५० **तलवी प्रतिवेदन** -

निजामती सेवा ऐन, २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष प्रतिवेदन पारित नगराई स्वास्थ्यतर्फका ४४ जना कर्मचारीको रु.३ करोड १७ लाख ६७ हजार ७ सय र पालिकाका ४० जना कर्मचारीको रु.२ करोड १३ लाख ५० हजार ५ सय ३ समेत जम्मा रु.५ करोड ३१ लाख १८ हजार २ सय ३ खर्च लेखेको छ । सबै कर्मचारीको तलवी प्रतिवेदन पारित नगरी खर्च लेख्दा तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा परीक्षण वा नियन्त्रण गर्न नसकिने भएकोले तलवी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

५१ **मिडिया/सञ्चार सम्बद्ध खर्च**

नेपाल सरकारको सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका २०७९ कार्यान्वयनमा रहेको र स्थानीय तहले यसलाई मार्गदर्शनका रुपमा लिई छुट्टै खर्चको मापदण्ड बनाउन सक्ने व्यवस्था छ । सञ्चारसँग सम्बन्धित अनुसूचीमा संलग्न विवरण बमोजिम मुख्य ४७ मिडिया सम्बद्ध फर्म वा कम्पनीलाई वर्षभर रु ३२ लाख भन्दा बढी खर्च भएको देखिएको छ । यसप्रकारको खर्चको मात्रा अत्यधिक रहेको तथा गत विगतदेखी नै यो बढदो दरमा रहेको देखिएकोले मितव्ययिता कायम गर्ने निर्देशिकाको अधिनमा रहि आवश्यकता, उपलब्धी, औचित्य र निरन्तरताका सम्बन्धमा पालिकाले ध्यान दिनुपर्ने देखिएको छ ।

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३** को निर्णयले रू **०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

**(विस्तृत विवरण बेरूजु दफा ५१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५२ **धरौटी व्यवस्थापन**

आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८(११) अनुसार सरकारी सम्पत्ति नगदी, जिन्सी सुरक्षित राख्न, हिनामिना हुन नदिन कार्यालय प्रमुखले उचित प्रबन्ध गर्नुपर्ने व्यवस्था छ। कार्यालयले धरौटीतर्फ गत वर्षको रु.१,६२,९२,४४४.७९ अल्या गरेकोमा यस वर्षको रु.४,२२,७९,३३५.२५ प्राप्त गरी कूल आम्दानी रु.५,८५,७१,७८०.०७ देखाएकोमा रु.३,६०,६५,५१३.०० फिर्ता/ सदरस्याहा गरी रु.२,२५,०६,२६७.०४ मौज्दात बाँकी रहेको देखिन्छ।

५३ **वितरणमुखी खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा रु १ करोड ७८ लाख ७४ हजार बराबर बजेट विनियोजन गरी सञ्चालन गरेका संलग्न अनुसूची बमोजिमका बमोजिमका २७ भन्दा बढी कार्य जिन्सी, कृषि सामाग्री खरिद, खरिद लगायतका वितरणमुखी कार्यक्रममा रु १ करोड ४९ लाख भन्दा बढी खर्च गरेको छ । वितरणमुखी प्रकृतिका खर्च शिर्षक फरक गरि भुक्तान भएका प्रशासनिक खर्च, आर्थिक सहायता, अनुदान सहायता लगायतमा समेत समावेश भएकोले थप मात्रामा समेत रहेका छन् । पालिकामा उपलब्ध सिमित श्रोतलाई माग, वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ । साथै उक्त सामग्री सम्वन्धित

लाभग्राही व्यक्ति वा समुहलाई दोहोरो नपर्ने गरि वितरण भएको यकिन गर्न कठिन रहेको तथा गत विगतदेखी यसै प्रकृतिका कार्य सञ्चालनमा पालिकाको अत्यधिक बजेट र समय व्यतित भएको देखिएको छ । पूँजी निर्माण नहुने र उपलब्धी मुल्यांकन सहित लाभग्राही समुदायको स्तरोनन्ती भएको मापन गर्न नसकिने यसप्रकारका वितरणमुखी खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ५३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५४ **एकमुष्ट बजेट बिनियोजन -**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७१ को २ मा वजेट पेश तथा पारित गर्ने विषयमा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण माथी छलफल गरी सभाबाट पारित हुने वजेट विनियोना नगरी एकमुष्ट राख्न मिल्ने देखिदैन यसै गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १६ को उपनियम १८ मा कार्यालयले वजेट तर्जुमा गर्दा आगामी आर्थिक बर्षमा कार्यान्वियन गरिने कार्यक्रम वा आयोजनाको लक्ष्य र कुल लागत वजेटमा समावेश गर्नु पर्ने व्यवस्थाबाट पनि योजनगत तथा क्रियाकलापगत वजेट व्यवस्था नगरी एकमुष्टवजेट राख्न मिल्दैन । पालिकाले यो वर्ष रु १ करोड २६ लाख एकमुष्ट बजेट व्यवस्था गरी संलग्न अनुसूची बमोजिमका ३४ भन्दा बढी शिर्षकअन्तर्गत कार्यपालिकाको निर्णयबाट समय समयमा छुट्टै निर्णय गरी रु. १ करोड १८ लाख भन्दा बढी खर्च गरेको छ । बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ५४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५५ **अनुदानको अनुगमन**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले संलग्न अनुसूची बमोजिमका ३५ शिर्षकमा कृषि, पशु, शैक्षिक सेवा, सामान खरिद तथा विभिन्न सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनका लागि रु २६ करोड ८१ लाख बजेट विनियोजन भई रु २५ करोड ५ लाख अनुदान खर्च लेखेको छ । पालिकाबाट वितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन नगरेको र अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरिएको छैन । अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी श्रोतको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ५५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५६ **पूर्वाधार लगानीमा स्वामित्व**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६(३)मा सार्वजनिक निकायले निर्माण स्थलको व्यस्था नभई निर्माण कार्य गर्न नहुने तथा पालिकाले निर्माण गर्ने योजनाको जग्गा स्वामित्व आफ्नो नाममा ल्याएर मात्र निर्माण सम्वन्धी कार्य गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा सञ्चालन गरेका संलग्न अनुसूची बमोजिमका (उदाहरणको रुपमा) ४२ पूर्वाधार योजनासँग सम्बन्धित जग्गाको स्वामित्व यकिन बेगर लाभग्राही समुह, गैरसरकारी संस्था, प्रतिनिधिमुलक सामाजिक संस्था तथा मु.अ.करमा दर्ता भएका नभएका संस्थामार्फत कार्य गराएको छ । पालिकाले गरेको पूर्वाधार क्षेत्रको लगानी सरकारी जग्गा वा स्वामित्वमा नै रहे नरहेको यकिन गर्न संलग्न अनुसूची बमोजिमका विवरण माग गरिएकोमा सम्वन्धित वडाका वडाध्यक्षज्यूहरुले टेलिफोनबाट दिएको जानकारी अनुसार तयार गरिएको स्वामित्व संस्थाको नाममा र व्यक्तिको नाममा नै स्वामित्व रहेको समेत देखिएको छ । सो मध्ये ५ योजनासँग सम्बन्धित जग्गाको स्वामित्व सम्बन्धित संस्था र व्यक्तिको नाममा रहेको र निम्नानुसारका योजना व्यक्ति र संस्थाको जग्गामा निर्माण भएको देखिएकोले जग्गाको स्वामित्व सार्वजनिक कायम गरेको प्रमाण पेश गर्नुपर्ने देखिएको रु

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च | जग्गा वा भवनको स्वामित्व विवरण |
|---|---|---|---|---|
| १ | आधारभुत स्वास्थ्य केन्द्र रतुवामाई -८ को भवनको संरचना सुधार तथा घेराबारा | २००००००. | १४५८३७५. | जग्गा प्राप्तिको प्रकृयामा रहेको |
| २ | खेलकुद तथा खेल मैदान मर्मत-वडा नं.९ को खेलकुद तथा खेल मैदान मर्मत | ३०००००. | २८१७१९. | बुद्धिराज राई जिमीवाट साविक राजघाट ६र कि.नं. १५९ को २-०-० जग्गा लिजमा जग्गा लिएर। स्वामित्व९ नं. वडा कार्यालय |
| ३ | खोप केन्द्र भवन चुनीमारी- वडा नं १ | २०००००. | १५२८०६. | रतुवामाई-१ वस्ने जितन लाल यादवले साविक वरडंगा गाविस-४ को कि नं. ४७५ वाट ५ धुर जग्गा दान, १ नं. वडा कार्यालय |
| ४ | डेरामारी स्थित अधुरो रहेको मझिहिथान निर्माण | ५००००. | ५००००. | न. नं. ६ग कि नं. ५६, मंगला हस्दावाट माझीहीथान स्थानीय संन्थाल समुदायको स्वामित्वमा |
| ५ | शौचालय निर्माण- ओमकारेशरवर शिव मन्दिर- वडा नं १० | १०००००. | ६७९३४. | चामुपाध्य न्यौपाने बन्धु प्रतिष्ठानवाट ओमकारेशरवर शिव मन्दिर- वडा नं १०लाई सहमति दान ,कि.नं. -४३, ०-२-०-० विघावाट |
| | जम्मा | २६५००००. | २०१०८३४. | |

**(विस्तृत विवरण बेरूजु दफा ५६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| प्रमाण पेश नगरेको | २०,१०,८३४ |
|---|---|

५७ **अद्यावधिक पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । साथै, खरिद सम्झौता अनुसार आपूर्तक, सेवा प्रदायक वा निर्माण व्यवसायीलाई पेश्की भुक्तानी गर्दाको बैंक जमानत, सम्झौतामा तोकिएको शर्त, तरीका र अवधीमा पेश्की फछ्र्यौट अवस्था, ढिलो फछ्र्यौटमा नियम ५१ बमोजिमको प्रक्रिया अवलम्बन गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्षसम्म निम्न कार्यक्रम/ योजनामा विभिन्न निर्माण व्यवसायी/निकाय/व्यक्ति तथा संस्थालाई रु २००३१००० पेश्की दिएकोमा पेश्कीलाई नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

| क्र.सं. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती फर्म वा कम्पनीको नाम | कर्मचारी भए पद | म्याद ननाघेको |
|---|---|---|---|---|
| २ | रतुवामाई न.पा. ६ खेलमैदान निर्माण | एन. के. कन्स्ट्रकसन | | २९५०००. |
| ३ | संघसंस्था | इटहरा क्याम्पस | | ० |
| ४ | कार्यक्रम खर्च | कृषि क्रान्ति कृषक फर्म रतुवामाई - ९ मोरङ | सरकारी बाँकी सरह असुल गर्नुपर्ने | ० |
| ५ | कार्यक्रम खर्च | तनमन तरकारी खेती व्यवसाय रतुवामाई न.पा.-३ | सरकारी बाँकी सरह असुल गर्नुपर्ने | ० |
| ६ | कार्यक्रम खर्च | मल्टी कृषि फर्म रतुवामाई-१० मोरङ | सरकारी बाँकी सरह असुल गर्नुपर्ने | ० |
| ७ | कार्यक्रम खर्च | विशाल च्याउ उघोग रतुवामाई न.पा.-८ दाम्राभिट्टा | सरकारी बाँकी सरह असुल गर्नुपर्ने | ० |
| ८ | कार्यक्रम खर्च | श्री माता पाथिभरा कृषि फर्म रतुवामाई-७ मोरङ | सरकारी बाँकी सरह असुल गर्नुपर्ने | ० |
| ९ | कार्यक्रम खर्च | सृष्टि कागती उत्पादन केन्द्र रतुवामाई-१सोनापुर मोरङ | सरकारी बाँकी सरह असुल गर्नुपर्ने | ० |
| १० | १५ शैया अस्पताल, एकिकृत स्वास्थ्य पूर्वाधार | जे एन जे निर्माण सेवा | | १९१९६००० |
| | जम्मा | | | १९४९१००० |
| | कुल जम्मा | | | |

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **५४०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| पेश्की | ० |

५८ **योजना प्राथमिकीकरण -**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण

संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार १० वडामा कुल १०३ योजनामा वजेट विनियोजन गरेको छ।

| **रु. १ लाख सम्म** | | **रु. १ लाख देखि २ लाख सम्म** | | **रु. २ लाख देखि ५ लाख सम्म** | | **रु. ५ लाख देखि १० लाख सम्मका** | | **रु. १० लाख भन्दा बढीको** | | **जम्मा** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **संख्या** | **रकम** | **संख्या** | **रकम** | **संख्या** | **रकम** | **संख्या** | **रकम** | **संख्या** | **रकम** | |
| **२७** | **१४७०३३४** | **४४** | **६१५४५४४** | **१९** | **६८४८९५५** | **११** | **९४५६८२३** | **२** | **५२७१५५१** | **२९२०२२०७** |

५९ **कानून र सञ्चालन स्थिति** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि पालिकाले ३१ वटा ऐन, ४ वटा कार्यविधी, ४८ वटा नियमावली, ८ वटा निर्देशिका, २ मापदण्ड, १ आचारसंहिता, १ नीति र १ मार्गदर्शन गरी जम्मा ९६ वटा कानूनहरु पास गरेको विवरण पेश गरेको छ । स्वीकृत कानूनलाई पालिकाले व्यवहारमा कार्यान्वयन गर्नुपर्दछ।

| विवरण | ऐन | नियमावली | कार्यविधि | निर्देशिका | मापदण्ड | आचारसंहिता | नीति | मार्गदर्शन | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| लेखापरीक्षण अवधिसम्म निर्माण भई कार्यान्वयनमा भएको कानून कार्यविधि निर्देशिका एवं नम्सको संख्या | ३१ | ४ | ४८ | ८ | २ | १ | १ | १ | ९६ |

६० **आन्तरिक लेखापरीक्षण** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । रतुवामाइ नगरपाालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण कार्य गराएतापनि अन्तिम लेखापरीक्षण अविधसम्म उक्त प्रतिवेदनमा औल्याएका व्यहोरा कार्यान्वयन गरेको छैन । आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ ।

६१ **पदाधिकारी सुविधा** -

गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ ले कोशी प्रदेशका पालिकाका पदाधिकारी सुविधा सम्बन्धी व्यवस्था गरेको छ । पालिकाले यस आर्थिक वर्षमा पदाधिकारीको सेवा सुविधामा गरेको खर्च विवरण संलग्न अनुसूची बमोजिम रहेको छ । यस वर्षको पदाधिकारी सुविधा रु.९६४०००।०० खर्च भएको छ । पालिकाको यस वर्षको आन्तरिक आय रु.२,६०,२२,४९६.४३ को तुलनामा ३६.९८ प्रतिशत खर्च रहेको देखिन्छ । कानूनेले आन्तरिक स्रोत समेतको आधारमा सुविधा पाउने व्यवस्था गरेको देखिन्छ। तसर्थ पालिकाले आन्तरिक आय बढाई यस्तो खर्चलाई आन्तरिक आयको निर्दिष्ट सिमाभित्र राख्ने प्रयत्न गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ६१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६२ **वडा भरिको खेलकुद कार्यक्रम** - (701-२०८१-१-३):

समाग्री खरिद/वितरणको विवरण पेश भएको

( ✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **१९८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

६३ **अनुगमन भत्ता** - (९९८-२०८१-३-२०):

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२१** को निर्णयले रू **६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२१** को निर्णयले रू **६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

६४ **औषधि खरिद**

पालिकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि तोकिएबमोजिमको अवधि बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले निम्नानुसारका फर्मसँग रु ५६६१३८५ को औषधि (सर्जिकलसमेत) खरिद गरेको देखिएको छ।

| क्र.सं. | सप्लायर्स वा विक्रेता | भुक्तानी रकम |
|---|---|---|
| १ | मेडिसर्ज ट्रेडर्स | ४७१७९९. |
| २ | बिन्ध्यवासिनी मेडिको | ४६८३६७. |
| ३ | डालिमा मेडिसेल्स | २११५७६२. |
| ४ | हिमाल सर्जिकल एण्ड केमिकल सप्लायर्स | १३१९४०.७५ |
| ५ | पशुपती सर्जिकल सप्लायर्स | ७३५७०७. |
| ६ | नेशनल सर्जिकल | ४६५६५८. |
| ७ | उमा सर्जिकल एण्ड सप्लायर्स | ४३३४००. |
| ८ | याशोदा फर्मा ट्रेडर्स | ८३८७५२.१२ |
| | जम्मा | ५६६१३८५.८७ |

आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

६५ **बिल भरपाई तथा खर्चको पुष्ट्याईं -**

प्रदेश आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व नियमावली २०७९ को नियम ४१(५) अनुसार खर्च गर्दा त्यस्तो खर्चलाइ पुष्टी गर्ने बिल भरपाई, प्रमाण कागजात सँलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाबाट निम्नानुसारको खर्च लेख्दा खर्चको पुष्ट्याईं हुने प्रमाण कागजात संलग्न नगरी खर्च लेखेको नदेखिदा खर्च रकमलाई पुष्टाई गर्ने प्रमाण कागजात पेश हुनुपर्ने रु.

| भौ.न. | विवरण | रकम |
|---|---|---|
| १३४-२०८०।७।१६ | वडा नं. ६ को युवा तथा खेलकुद कार्यक्रमबाट नेत्र स्मृती गोल्डकप तेह्रथुममा भाग लिन गएको भनी रु.३०००० भुक्तानी भएको छ ।संलग्न प्रमाण कागजमा नमस्ते झरना फेमली होटल भेडेटार धनकुटाको बिल राखी रकम भुक्तानी भएको छ भने बिल समेत फोटोकपी पेपरमा आफैले तयार गरेको देखिदा पालिकाले यकिन गरी प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु | ३०००० |
| ५००-२०८०।१२।४ | न्यू पाथिभरा स्पोर्ट सेन्टरबाट खेलकुद सामाग्री खरिद गरी रु ५१९५३ भुक्तानी भएको छ । जसमा जुत्ता १२ सेट, कर्क २२ रोल वितरण गरेको देखिदा सो कसलाई वितरण गरिएको हो प्रयोजन खुल्ने प्रमाण कागज पेश गर्नुपर्ने रु. | ५४९१० |
| ६७४-२०८१।१।३१ | वडा नं.८ मा महिला लक्षित कार्यक्रमबाट अचार बनाउने तालिममा कञ्चन आधार उद्योग झापाको फोटोकपी बिल पेश भएको देखिदा सक्कल बिल पेश हुनुपर्ने रु. | ६६७० |
| ७२९-२०८१।२।३१ | मसलन्द तथा कार्यालय सामाग्रीबाट युग ट्रेड एण्ड सप्लायर्सलाई रु.३१६४० भुक्तानी भएको छ । जसमा ४ पिस रेनकोट र ४ पिस व्यागको रु.१२००० भुक्तानी भएको छ । विरतण नभएको र जिन्सीमा मौज्दात समेत रहेको नदेखिदा सो सम्बन्धमा आवश्यक प्रमाण कागजात पेश गर्नुपर्ने रु | १६००० |
| १०७७-२०८१।३।२३ | यसमा सवारी साधन भाडा वापत रु.९८००० भुक्तानी भएको छ । अधिकांश भाडामा बिराटनगर र इटहरी उल्लेख गरी भुक्तानी भएको छ ।कार्यालयमा दैनिक प्रयोगमा ५ वटा सवारी हुदाँसमेत भाडामा लिएर प्रयोग गर्नुपर्ने कारण उपयुक्त नदेखिएको रु. | ९८००० |
| १०७८-२०८१।३।२३ | यसमा जानकी आधारभूत विद्यालय रतुवामाई ४ संघाईलाई पोशाक वितरण वापत रु.५०००० भुक्तानी भएको छ । ८० सेट पोशाक खरिद भएकोमा कस कसलाई वितरण गरिएको हो नामनामेसी खुलेको प्रमाण कागज पेश गर्नुपर्ने रु. | ५०००० |
| | जम्मा | २५५५८० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,५५,५८० |

६६ **फोहोर व्यवस्थापन** - (८८३-२०८१-३-१२):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (७) मा कुनै पनि तालिम, कार्यशाला लगायतका जुनसुकै कार्यक्रमको लागि खर्च गर्दा अधिकार प्राप्त अधिकारीवाट लागत अनुमान स्वीकृत गराउनुपर्ने तथा खर्च भइसकेपछि खर्चको विल भर्पाइ सहितको प्रतिवेदन तयार गरी सम्वन्धितवाट स्वीकृत गराउनुपर्ने उल्लेख छ। पालिकाले एबि सम्लायर्सबाट मिति २०८०।१२।२७ मा ३४३ वटा डष्टविन रु.४८८३६३.०० मा खरिद गरी वडा कार्यालयहरुमा भरपाइ गराई वडा कार्यालय तथा विभिन्न कार्यालयहरुमा गरी हस्तान्तरण गरेको देखिन्छ । यसरी वितरण गर्ने सामानको खरिद पुर्व कार्यालयले लागत अनुमान तयार गरेको छैन साथै उक्त वितरण डष्टविनहरु प्रयोग भए नभएको भनि कार्य सम्पन्न प्रतिवेदन समेत पेश नभएको हुँदा कार्य सम्पन्न भएको प्रतिवेदन पेश गर्नु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,८८,३६३ |

६७ **सबारी बिमा** - (११२६-२०८१-३-२४):

प्रदेश आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्ब नियमावली २०७९ को नियम ४१(५) अनुसार खर्च गर्दा त्यस्तो खर्चलाइ पुष्टी गर्ने बिल भरपाई, प्रमाण कागजात सँलग्न गरेर मात्र खर्च लेख्नुपर्ने अबस्था छ । कार्यालयले विभिन्न सवारीको बिमा तथा नविकरणमा रु.५१३१६६ खर्च गरेको देखिन्छ । संलग्न भौचर तथा नविकरणको रसिदमा निम्न नम्बरका निजी सवारी साधनको समेत बिमा गरेको सम्बन्धमा पालिकासँग प्रमाण पुष्ट्याई माग गरिएकोमा सवारी साधन खरिद पश्चात सेतो नम्बर प्लेट कायम हुनु अगावै विमा नविकरणमा खर्च भएको कारण यस्तो अवस्था सिर्जना भएको जनाएको छ ।

| क्र.स. | गाडी नं. | रकम |
|---|---|---|
| १ | प्र.१.-०२-०५० प ७६२७ | ६५८७ |
| २ | प्र.१-०२-०५२ प – १८९७ | ७२३० |
| ३ | प्र १-०२-०५० प – ७६२७ | ६५८७ |
| ४ | नविकरण कार्यको कर्मचारीलाई पेश्की दिएकोमा पुन कर्मचारीले लेखापरढी व्यवसायी लिलानाथ घिमीरेलाई रु.१८००० भुक्तानी दिएको देखिदा भुक्तानी रकम नियम सम्मत नदेखिएको रु | १८००० |

६८ **कुलगुरु सम्मान कार्यक्रम** – (१०१८-२०८१-३-२८):

पालिकाले लक्ष्मित वर्ग- लक्ष्यित वर्ग विशेष कार्यक्रम (स्वास्थ्य विमा कार्यक्रम लगाएत विविध कार्यक्रम) खर्च शिर्षकबाट नेपाल आधिवासी जनजाति महासंघसँग ILO महासन्धि १६९ तालिम संचालनमा रु.१९५०००.०० र कुलगुरु सम्मान कार्यक्रम अन्तर्गत रु.१५५०००.०० को समेत रु.३५००००.०० लागतमा २०८१ जेठ १७ मा सम्झौता गरी विल भरपाइ साथ रु. ३३७२६०.०० आदिवासी जनजाति महासँघलाइ भुक्तानी दिएको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन :

• महासँघले कुलगुरु सम्मान कार्यक्रम संचालन अन्तर्गत ११ जना कुलगुरुहरुलाई रु.१०००० का दरले रु.११०००० को भरपाई गरी भुक्तानी दिएको देखिएको छ । निज कुलगुरुहरु भएको खुल्ने कागजात संलग्न गरेको देखिएन ।

• साथै, एकिकृत आर्थिक संकेत वर्गिकरण र व्याख्या, २०७४ मा खर्च शिर्षक उल्लेख गरेको र सोहीअनुसार खर्च गर्नुपर्ने उल्लेख छ । कार्यालयले स्वास्थ्य विमा कार्यक्रम लगाएत विविध कार्यक्रम खर्च शिर्षकबाट आदिवासी जनजाति महासँघको उक्त कार्यक्रम कार्यक्रम संचालन शिर्षक फरक पारी खर्च गरेको हुँनाले नियमसम्मत नदेखिएकोले शिर्षक फरक नगरी खर्च लेख्नु पर्दछ ।

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **२,१४५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

६९ **लक्षित बर्ग कार्यक्रम** - (८७५-२०८१-३-११):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१०** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१०** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

७० **अन्य निकाय खर्च**-

कुनै पनि कार्यालयले खर्च लेख्दा आवश्यकता तथा औचित्यताको आधारमा खर्च लेख्नुपर्ने तथा सम्बन्धित कार्य प्रयोजनको लागि मात्र खर्च लेख्नुपर्दछ । नगरपालिकाले कोष तथा लेखा नियन्त्रक कार्यालयको विविध खातामा रु.१५००००।०० रकम खर्च लेख्दा सम्बन्धित निकायबाटै बजेट विनियोजन हुने तथा कार्यक्षेत्रमा नपर्ने निकायमा समेत खर्च लेख्ने कार्य नियमसम्मत देखिदैन । आफ्नै बजेट र कार्यक्षेत्र रहेका निकायलाइ यस प्रकारको भुक्तानी दिने कार्यमा नियन्त्रण गर्नुपर्ने देखिएको रु.

७१ **खर्चको पुष्टाई** - (1050-२०८१-३-२३):

प्रदेश आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्ब नियमावली २०७९ को नियम ४१(५) अनुसार खर्च गर्दा त्यस्तो खर्चलाइ पुष्टी गर्ने बिल भरपाई, प्रमाण कागजात सँलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले विनोद टेन्ट हाउसलाई मिति २०८०।३।१ देखी

ऐ.३।३१ सम्म एक महिनाको जेनेरेटर भाडा वापत रु. ५५००० भुक्तानी भएको छ । कार्यालयमा युपिएसको व्याकअप हुदाँ हुदै जेनेरेटर भाडाँमा लिएर रकम भुक्तानी गरेको सम्बन्धमा पालिकासँग जवाफ माग गरिएकोमा पालिकाले आफ्नै भवन नभएको कारण लामो समयसम्म ब्याक अप हुने गरी युपिएस व्यवस्था नभएको र असार मसान्तमा विद्युत लाईनमा अवरोध भईरहेका कारण विद्यूत आपूर्ती सूचारु गर्न भाडामा लिनुपरेको जनाएको छ ।

७२ **अन्य निकायको सबारी मर्मत** -

सुरक्षा निकाय इलाका प्रहरी कार्यालय सिजुवाको ना १ झ ६०३ नम्बरको गाडी मर्मत वापत सरु सर्भिसिङ्ग सेन्टर इटहरीलाई रु.१९९२५२ भुक्तानी भएको छ ।पालिकाले आफ्ना नियमित क्रियाकलाप तथा आयोजनाको रकम सालबसाली भुक्तानी गर्न नसकेर दायित्व सारेर भुक्तानी गरिरहेको अवस्थामा अन्य संस्थालाई गर्ने सहयोगलाई नियन्त्रण गर्नुपर्दछ ।आफ्नो आन्तरिक आम्दानी आयलाई ख्याल गरी खर्च गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

७३ **कर्मचारी काज** -

प्रदेश आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्ब नियमावली २०७९ को नियम ४१(५) अनुसार खर्च गर्दा त्यस्तो खर्चलाइ पुष्टी गर्ने बिल भरपाई, प्रमाण कागजात सँलग्न गरेर मात्र खर्च लेख्नुपर्ने अबस्था छ ।पालिकाले विभिन्न कार्यमा गएको भनी कर्मचारीलाई दैनिक भ्रमण भत्ता भुक्तानी गरेको देखिन्छ । नमुना परीक्षण गरी हेर्दा विभिन्न ३ कर्मचारीलाई दैनिक भ्रमण भत्ता भुक्तान गरिएकोमा विद्युतिय हाजिरीमा हाजिरी रहेको, घरबिदा, पर्व बिदा तथा भैपरी बिदा लिएको अवस्थामा समेत दैनिक भ्रमण भत्ता भुक्तानी भएको रु १८७००असुल भै प्रमाण पेश भएको छ। यसबाहेक अन्य कर्मचारीको काज सम्बन्धमा समेत पालिकाले यकिन गर्नुपर्दछ ।

७४ **व्याक हो लोडर खर्च** -

पालिकामा व्याक हो लोडर रहेको छ । पालिकाले राखेको लकबुक बमोजिम आ.ब.२०८०/८१ मा कुल ११९६ घण्टा संचालन भएको देखिन्छ । १ घण्टामा औशत ७ लिटर ईन्धन खपत हुने आधारमा बार्षिक ८३७२ लिटर इन्धन खपत भएको देखिन्छ । राष्ट्र बैंकको सुचक बमोजमि बर्षान्त र बर्षको शुरुवातको मुल्यको आधारमा डिजेल प्रतिलिटर १५९ का दरले बार्षिक रु.१३३१००० खर्च भएको देखिन्छ । पालिकाले आफ्ना योजनामा समेत ब्याक ह्यो लोडर प्रयोग नगरी भाडामा प्रयोग गरेको देखिन्छ । साथै पालिकाको व्याक ह्यो लोडर संचालन सम्बन्धी कार्यविधी तयार नगर्दा प्रयोगमा नियन्त्रण भएको देखिदैन ।न्यूनतम दररेट तयार गरी व्याक हो लोडर संचालन गर्नुपर्दछ । साथै निर्माण कार्यको लागि प्रयोग हुने हेभी सवारी साधन संचालन गर्दा उक्त निर्माण कार्यको लागत अनुमान, नापी किताब, कार्य स्वीकार प्रतिवेदन समेत संलग्न गरी उक्त मेशीनबाट भएको कार्य देखिने विवरण समावेश गर्नु पर्दछ

७५ **निशुल्क पाठ्यपुस्तक रकम निकासाः**

कक्षागत र विषयगत पाठ्यपुस्तकको सङ्ख्या यकिन गर्ने तथा विद्यालयलाई पाठ्यपुस्तक व्यवस्थाका लागि कक्षा ११-१२ का लागि आर्थिक वर्षको प्रथम त्रैमासिक तथा कक्षा १-१० कालागि तेस्रो त्रैमासिक भित्र अनुदान दिने व्यवस्था छ । साथै यसरी अनुदान दिँदा पहिलो पटकमाविद्यार्थी सङ्ख्याको ७५ प्रतिशत लाई मात्र अनुदान दिने तथा शैक्षिक सत्रमा भएको नयाँविद्यालय भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरीनपुग हुने रकम मात्र दोश्रो पटक अनुदान दिने व्यवस्था छ । पालिकाले पहिलो पटक निकासा रु.४११८४००.७५ विभिन्न ४८ विद्यालयको नाममा पठाएको छ । दोस्रो पटक निकासा रु.७९८६५१.९५ गर्दा शैक्षिक सत्रमा भएको नयाँविद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको भरपाईको आधारमा यकिन गरेरमात्र निकासा दिनु पर्नेमा यकिननै नगरी विद्यालयहरुको नाममा पाठ्यपुस्तकको लागि निकासा गरिएको छ । पाठ्यपुस्तक खरिद गरी IEMIS प्रणालीमा व्यवस्थित विद्यार्थीहरुलाई वितरण गरे नगरेको सम्बन्धमा पालिकाबाट प्रभावकारी अनुगमन गरिनुपर्दछ । लेखापरीक्षणका लागि छनौट गरिएका केही विद्यालयहरु मध्ये देहायका विद्यालयहरुमा IEMIS भन्दा बढी विद्यार्थीलाई निकासा दिएकोले एकिन गरि असुल गर्नुपर्ने रु.

| विद्यालयकोनाम | कक्षा | विद्यार्थीसंख्य | | फरक | दर | रकम |
|---|---|---|---|---|---|---|
| | | भएको | भुक्तानी | | | |
| महेन्द्रमावि देविस्थान | १ | २१ | २५ | ४ | ५२० | २०८० |
| | ६ | २९ | ३२ | ३ | ७०७ | २१२१ |
| | ७ | २९ | ३७ | ८ | ७४८ | ५९८४ |
| | ८ | ५५ | ६० | ५ | ८८२ | ४४१० |
| | ९ | ९४ | १०३ | ९ | ७७० | ६९३० |
| | ११ | ११५ | ११८ | ३ | २७१ | ८१३ |
| | १२ | १३ | ११८ | १०५ | ३१७ | ३३२८५ |
| **जम्मा** | | | | | | **५५६२३** |
| सरस्वतीमावि कल्याणपुर | १२ | ३६ | ५० | १४ | ३१७ | **४४३८** |
| **जम्मा** | | | | | | ४४३८ |
| **कुल जम्मा** | | | | | | **६००६१** |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१५** को निर्णयले रू **२७,९३४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१०** को निर्णयले रू **७,२१८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१५** को निर्णयले रू **९,१६६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६०,०६१ |

७६ **प्रति विद्यार्थी लागत अनुदानः**

कार्यक्रम कार्यान्वयन पुस्तिका,२०८०।८१ को क्रियाकलाप नं २.२. शिक्षण सिकाइ सामग्री, डिजिटल सिकाइ सामग्री तथा बुक कर्नर व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदानः प्रत्येक सामुदायिक विद्यालयको बालविकास कक्षा, कक्षा १-५, कक्षा ६-८, कक्षा ९-१० र कक्षा ११-१२ का विद्यार्थी सङ्ख्या यकिन गर्ने र यकिन गरिएको प्रत्येक तहगत विद्यार्थी सङ्ख्याले उल्लिखित तालिकाबमोजिम तहअनुसार निर्धारण गरिएको प्रति विद्यार्थी लागत रकमले गुणन गरी आएको अङ्क बराबरको रकम विद्यालयलाई एकमुष्ठ अनुदान दिने व्यवस्था छ । पालिकाले रु.२१ लाख १४ हजार ७ सय रकम शिक्षण सिकाइ सामग्री, डिजिटल सिकाइ सामग्री तथा बुक कर्नर व्यवस्थापनका लागि ४१ विद्यालयको नाममा निकासा दिएको छ । पालिकाबाट प्रभावकारी ढंगले अनुगमन गरी प्रति विद्यार्थी लागतका आधारमा सिकाई सामाग्री तथा डिजिटल सिकाई सामाग्री व्यवस्थापन यकिन गरी दिनुपर्नेमा लेखापरीक्षणका लागि छनौट गरिएका केही विद्यालयहरु मध्ये देहायका विद्यालयहरुमा IEMIS भन्दा बढी विद्यार्थी देखाई निकासा दिएकोले एकिन गरि असुल गर्नुपर्ने रु.

| विद्यालयको नाम | विवरण | भएको | भुक्तानीदिएको | फरक | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| सरस्वती मावि कल्याणपुर | कक्षा१-५ | २१७ | २२३ | ६ | १५० | ९०० | |
| | कक्षा ६-८ | २१९ | २६८ | ४९ | २०० | ९८०० | |
| | कक्षा ११-१२ | ० | ८८ | ८८ | २५० | २२००० | विवरणअपडेट नभएको |
| **जम्मा** | | | | | | **३२७००** | |
| महेन्द्रमावि | कक्षा११-१२ | ० | ९० | ९० | २५० | **२२५००** | विवरणअपडेट नभएको |
| **कुल जम्मा** | | | | | | **५५२००** | |

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१०** को निर्णयले रू **८,७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१५** को निर्णयले रू **२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१५** को निर्णयले रू **९,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५५,२०० |

७७ **प्राविधिक धार सञ्चालन अनुदान**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१६** को निर्णयले रू **२,३४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

७८ **स्यानिटरी प्याड**- (२३७-२०८१-३-१९):

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु २३१० जना रहेका छन। पालिकाले असल हाइजिन प्रोडक्ट्स प्रा.लि.बाट १६१७० थान स्यानिटरी प्याड रु.१४,८७,६४०.०० (मु अ कर समेत) मा खरिद गरेको छ । पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा २०८१।३।१९ मा खरिद तथा दाखिला गरी १७ विद्यालयलाई दामाशाहीको आधारमा १६१७० थान एकमुष्टरुपमा हस्तान्तरण गरेको फाँटवारी संलग्न गरेको छ । विद्यालयका विद्यार्थीहरुको माग र आवश्यकता अनुसार हस्तान्तरण गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि वितरण गरेको देखिन्छ । तसर्थ माग र आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र कार्यविधि अनुसार प्याड खरिद तथा त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्नुपर्ने तर्फ पालिकाले ध्यान दिनुपर्ने व्यहोरा औल्याएकोमा पालिकाले छलफलमा सशर्त अनुदानमा स्यानिटरी प्याड वितरणमा बढी बजेट प्राप्त भएको भएतापनि गत विगतको मौज्दात सकिएपछि मात्रै खरिद गर्ने गरिएको र आवश्यकतानुसार वितरण र खरिद गर्ने गरेको जनाएको छ ।

७९ **सहकारी नियमन** -

७९.१

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार पालिका भित्र जम्मा ४४ वटा सहकारी संस्था मध्ये ११ वटा निष्कृय अवस्थामा रहेका र बाँकी ३३ वटा सकृय अवस्थामा छन । जसमध्ये २२ वटा सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण प्रविष्ट गरेको र अन्यले गरेको देखिएन तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्नु पर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :

| सहकारीसंस्था | सक्रिय संख्या | copomis मा विवरण प्रविष्ट भएको/नभएको सहकारी संख्या | | वार्षिकप्रतिवदन जारी गरेको/नगरेको | |
|---|---|---|---|---|---|
| | | भएको | नभएको | पेश भएको | पेश नभएको |
| ४४ | ३३ | २२ | ११ | २२ | ११ |

• पालिकाको आर्थिक ऐन, २०८० को अनुसूची ३ मा सहकारी संस्थाको वार्षिक नविकरण शुल्क रु.३००० देखि ८००० सम्म व्यवस्था गरेकोमा पालिकामा आर्थिक वर्ष २०८०।०८१ मा रु.३००० का दरले न्यूनतम रु.१३२०००.०० नविकरण शुल्क संकलन हुनु पर्नेमा पालिकाले उपलब्ध गराएको विवरण अनुसार जम्मा रु.२८०००.०० नविकरण शुल्क असुल हुन बाँकी रहेको देखिएकोले सम्बन्धित सहकारी संस्थाबाट असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २८,००० |

७९.२ उक्त ऐनमा COPOMIS प्रणालीमा मासिक विवरण प्रविष्ट नगरको हकमा मासिक रु.२०० र वार्षिक प्रतिवेदन पेश नगर्ने संस्थाहरुलाइ वार्षिक रु.१००० जरिवाना गरेको व्यवस्था छ । पालिकामा हालसम्म २२ वटा सहकारी संस्थाले मात्र COPOMIS मा विवरण अध्यावधिक गरी वार्षिक प्रतिवेदन पेश गरेको विवरण प्राप्त भएकोले बाँकी २२ वटा सहकारी संस्थाबाट Copomis मा विवरण अद्यावधिक नगरको मासिक रु.२०० र प्रतिवेदन पेश नगरको वार्षिक १००० गरी जम्मा ३४०० का दरले हुने रु.७४८०० रकम सम्बन्धित सहकारी संस्थाहरुबाट असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७४,८०० |

८० **सामाजिक सुरक्षा भत्ता वितरण-**

८०.१ पालिकाले यस वर्ष १० वटा वडामा पहिलो, दोस्रो, तेस्रो र चौथो चौमासिकमा रु.२६,७४,१९,२८८.५१ सामाजिक सुरक्षा भत्ता वितरण गरेको छ । यस सम्बन्धमा देखिएको व्यहोराहरु निम्नानुसार छन् ।

८०.२ **निष्कृय खाता** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २३ अनुसार बैक तथा वित्तिय संस्थाहरुले सामाजिक सुरक्षा बिशेष बचत खाताहरु मध्ये निष्कृय खाताको विबरण प्रत्येक श्रावण महिना भित्र सम्बन्धित स्थानीय तहका साथै केन्द्रिय पञ्जिकरण विभागलाई दिनु पर्ने व्यबस्था रहेको छ। पालिकाले उपलब्ध गराएको संलग्न अनुसूची बमोजिमको विवरण अनुसार बैकमा खाता निष्कृय रहेको देखिएको हुँदा उक्त बैंक खातामा रहेको रकम यकिन गर्नेतर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

( ✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१२** को निर्णयले रू **४५६,४०२.७६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

**(विस्तृत विवरण बेरूजु दफा ८०.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

८०.३ आर्थिक वर्ष २०७८।०७९ देखि २०८०।०८१ सम्मको सामाजिक सुरक्षा पाउने लाभग्राहीको संख्याको र खर्चको अवस्था देहाय बमोजिम रहेको छ :




**(विस्तृत विवरण बेरूजु दफा ८०.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

८०.४ अनुगमन तथा सुपरीवेक्षण -

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७७ को दफा २७ (३) अनुसार गाउँ कार्यपालिका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकिय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाबाट उक्त कार्य भएको नदेखिएकले कार्यविधिको व्यवस्था कार्यान्वयनमा पालिकाले ध्यान दिनुपर्दछ ।

८१ **प्रशासकिय भवन निर्माण (ठेक्का नं. RMUN-NCB-40-2077/78)**

नगरपालिकाले रु १५४२३०४९९।५१ को लागत अनुमान रहेको प्रमुख प्रशासकिय भवन निर्माणका लागि भूमि विसिपिएल जेभीसँग मिति २०७८।५।२८ मा रु ९४१६४१७४ बराबरको खरिद सम्झौता २०८१।५।२५ सम्म सम्पन्न गर्ने गरी गरेको छ । संयुक्त उपक्रम (जेभी) ले कार्यसञ्चालन पेश्की रु १ करोड ६५ लगेकोमा लामो समयसम्म कार्य प्रगति नगरेको तथा जेभीमध्येको मुल पार्टनर भूमी इन्फ्रास्ट्रक्चर प्रालीको अख्तियारप्राप्त व्यक्ति भवेश बोहरा सम्पर्कमा नआएको, पटक पटक ताकेता गर्दासमेत कार्य सुचारु गर्न आलटाल गरेको अवस्थामा २०७९।४।२३ र २०७९।१०।१७ लगायतका विभिन्न पत्रबाट समयमा कार्य नगर्दा सार्वजनिक निकायलाई हुने क्षतिपुर्ती असुल, कालोसूचीमा सिफारिश, कार्यसम्पादन जमानत/धरौटी जफत, बेरुजु रकम र निर्माणस्थल सुरक्षामा लाग्ने खर्चजति सबैलाई सरकारी बाँकी असुल उपर सरह कार्यवाही गरिने व्यहोरा सहित पत्राचार गरेको छ । साथै २०७९।१०।२८ मा बैठक संख्या १७ को कार्यपालिका निर्णयानुसार मिति २०८०।२१८ मा कान्तिपुर राष्ट्रिय दैनिकमा सम्पर्कमा आउनका लागि सूचना समेत जारी गरेको र २०७९।९।२४ मा बैठक नं १४ बाट पटक पटक सम्पर्क ताकेता गर्दासमेत कार्य नगरेकोले ठेक्का अन्त्य गर्ने प्रक्रिया अगाडी बढाउने निर्णय समेत गरेको छ । गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा समेत यस निर्माण कार्य सम्बन्धमा औंल्याएका व्यहोराका सम्बन्धमा आवश्यक कार्यवाही सहित लेखापरीक्षण अवधि (२०८१।९।१०) सम्म पाँचौ बिल भुक्तानी भैसक्दा ३२ प्रतिशत कार्य प्रगति दोश्रो जेभी पार्टनरमार्फत भएको पालिकाले जनाएको र आर्थिक वर्ष २०८०।८१ सम्ममा दोश्रो रनिङ्ग बिल रु १४५२९१७१।०९ भएको छ । व्यवसायीले गुणस्तर आश्वस्ता योजना पेश नगरेको वा पालिकाले समेत स्वीकृत नगरी कार्य गराईरहेको देखिएकोले निर्माण कार्यलाई गुणस्तरीय र समयमा सम्पन्न गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :




- निर्माण कार्यसँग सम्बन्धि कार्य समयमा नगरेको कारण शुरुवातको कार्यसम्पादन जमानत जफत गरी नयाँ जमानत रु २२६०००००० प्राप्त गरिएकोमा जेभीको जमानत नरही ४९ प्रतिशत हिस्सा रहेको भुमि कन्स्ट्रक्सन प्रालीको जमानत राखि कार्य भैरहेको छ ।
- निर्माण सम्बन्धित विमाका लागि पिएस आईटममा रु ५ लाख व्यवस्था गरिएको भएतापनि शुरु पेश्की दिँदा र म्याद थप गर्दासमेत बिमा अभिलेख प्राप्त नगरी निर्माण कार्य गरे गराएको उपयुक्त देखिएन । निर्माण कार्यसँग सम्बन्धित जोखिम न्यूनिकरणका लागि विओक्यूमा व्यवस्था हुँदाहुदै नियमको पालना नगरेको सम्बन्धमा सम्बन्धितलाई जिम्मेवार बनाउनुपर्दछ ।
- जिल्ला समन्वय समितिले रु २ करोडमध्ये रु १ करोड प्राप्त भैसकेको र स्थानीय पूर्वाधार विभागबाट रु ५० लाख प्राप्त भै भुक्तान भैसकेको र आर्थिक वर्ष २०८१।८२ मा थप रु ५० लाख बजेट प्राप्त भएको जानकारी पालिकाले दिएको छ ।
- निर्माण कार्य शुरु गर्नुपुर्व निर्माण व्यवसायीबाट कार्यतालिका र गुणस्तर आश्वस्तता योजना पेश भई स्वीकृत गुणस्तर आश्वस्ता योजना बमोजिम कार्य गराउनुपर्नेमा योजन पेश भएको नदेखिएकोले सो सम्बन्धमा सम्बन्धितलाई जिम्मेवार बनाउनुपर्दछ ।

### ८२ अस्पताल भवन निर्माण (ठेक्का नं. GRMW-NCB-12-2079/80)

नगरपालिकाले झुर्किया प्राथमिक स्वास्थ्य केन्द्रको स्तरोन्नती गरी १५ शैया अस्पताल निर्माण कार्य २०८२।५।१५ सम्ममा सम्पन्न गर्ने गरी निर्माण व्यवसायी जे एन जे निर्माण सेवा दमकसँग २०८०।५।२५ मा रु. १०८३३९९३४।३३ को खरिद सम्झौता गरेको छ । यस निर्माण कार्यका लागि निर्माण व्यवसायीले मिति २०८०।१२।१९ मा भेरिएशनका लागि निवेदन पेश गरेकोमा शुरु लागत अनुमान रु १४३५३९१८९।६८ मा ४.५८ प्रतिशत थप सहितको रु १५०५४६५६७।८४(कन्टेन्जेन्सी बाहेक) २०८१।२।८ मा पालिका प्रमुखबाट स्वीकृत भएको छ । लेखापरीक्षण अवधिसम्म दोश्रो र आर्थिक वर्ष २०८०।८१ सम्ममा कार्यसञ्चालन पेश्की रु १९१९६००० र प्रथम रनिङ्ग बिल रु २०९८२४४२।९१ समेत गरी जम्मा रु ४०१७८४४२।९१ भुक्तान भएको छ । व्यवसायीले गुणस्तर आश्वस्ता योजना पेश नगरेको वा पालिकाले समेत स्वीकृत नगरी कार्य गराईरहेको देखिएकोले निर्माण कार्यलाई गुणस्तरीय र समयमा सम्पन्न गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :



- निर्माण कार्यसँग सम्बन्धित विमाका लागि पिएस आईटममा रु ३ लाख व्यवस्था गरिएको र निर्माण व्यवसायीले पेश गरेको बिमा कागजातमा शर्त सहितको बिमा स्वीकार गरी भुक्तान गरेको छ । बिमाको प्रयोजनमा निर्माणसँग सम्बन्धित सम्भावित क्षतिको सुरक्षण गर्नुपर्नेमा वर्षात (June to September) को मौसमको बिमा कभरेज नहुने, बाढीलाई एक्ट अफ गडमा समावेश गरेको र निर्माण सामाग्री तथा ईक्युपमेन्टको सूची बिमा कम्पनीमा अद्यावधिक गर्नुपर्ने शर्त राखिएतापनि सो पुरा भए नभएको यकिन नगरी बिमाबापतको रकम भुक्तानी दिने कार्य उपयुक्त देखिएन । निर्माण कार्यसँग सम्बन्धित सम्भावित क्षतिलाई कभरेज गर्ने गरी भएको बिमालाई मात्र स्वीकार गर्नुपर्दछ ।
- निर्माण कार्य शुरु गर्नुपुर्व निर्माण व्यवसायीबाट गुणस्तर आश्वस्तता योजना पेश भई स्वीकृत गुणस्तर आश्वस्ता योजना बमोजिम कार्य गराउनुपर्नेमा योजन पेश भएको नदेखिएकोले सो सम्बन्धमा सम्बन्धितलाई जिम्मेवार बनाउनुपर्दछ ।
- मिति २०८१।२।८ मा भेरिएसन स्वीकृत गर्दा एम १५ को परिमाणको सट्टामा एम २० को नयाँ परिमाण थप हुँदा निर्माण व्यवसायीसँग शुरु ठेक्कामा कबोल गरेको ३६ प्रतिशत न्यूनलाई आधार लिई रु १०३९४।८१ को दरमा वार्तापश्चात सम्झौता गर्न सकिनेमा समग्र ठेक्कामा घटेको दरकै हाराहारीमा रु २६५०।१९ अतिरिक्त दर सहित रु १३००० स्वीकार गरी सम्झौता गरेको र नयाँ भेरिएशनपश्चात कायम हुन आएको सम्झौता अंकलाई खाम्ने गरी रु ७४८००० को कार्य सम्पादन जमानत लिएको छ । अत: रु २६५०।१९ थपको कारण रु १३६३६१४ सार्वजनिक निकायलाई थप व्ययभार परेको तथा अन्तिम मुल्यांकन र बिल भुक्तानीसम्ममा थप नयाँ परिमाणको मुल्य समायोजन नहुने व्यवस्था गर्नुपर्ने देखिएको छ ।
- निर्माण कार्यको शुरुवात चरणमा आवश्यक नपर्ने र कार्यतालिकाबमोजिम निर्माण कार्य सम्पन्न हुने चरणमा खरिद हुनुपर्ने विओक्यु ४८ बमोजिम रु २५९९००० को जेनेरेटर खरिद गरी २०८१।३।२८ को प्रथम रनिङ्ग बिलबाट भुक्तान भएको छ । लेखापरीक्षणमा खरिद भएको जेनेरेटरको उपयोग अस्पताल सञ्चालनको समयपूर्व अन्यत्र प्रयोग नहुने तथा जेनेरेटरको वारेन्टी, ग्यारेन्टी, फ्रि सर्भिसिङ्ग लगायतको लाभ गुम्ने गरी अग्रिम खरिद र भुक्तानी दिने कार्य उपयुक्त नदेखिएको व्यहोरा औल्याएपश्चात सम्बन्धित सप्लायर्सबाट जेनेरेटर इन्स्टलेसनपश्चात मात्रै वारेन्टी, ग्यारेन्टी, फ्रि सर्भिसिङ्ग लगायतको शर्त लागु हुने उल्लेख सहितको पत्र पेश भएको छ । यसप्रकारका खरिद भुक्तानी गर्दा सामानको प्रकृति त्यसको उपयोग र निर्माण व्यवसायबाट पेश कार्य तालिकाका आधारमा भुक्तानी गर्ने व्यवस्था गर्नुपर्ने देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | २५,९९,००० |

८३ **प्रिमिक्समा बढी भुक्तानीः**

सडक विभागको Standard Specification for Road and Bridge Works को सिं.न. १३११ मा प्रिमिक्सको मोटाई २० मीमी हुने उल्लेख छ । पालिकाले संलग्न अनुसूची बमोजिम लम्बाई र चौडाई रहेको कालोपत्रे सडक निर्माण कार्यमा प्रिमिक्स कार्पेटिङ गर्दा Standard Specification भन्दा फरक मोटाई राखी परिमाणको भुक्तानी दिएको देखिन्छ । नर्म्स अनुसार निर्माण गर्दा Standard Specification अनुसार प्रयोग गर्नु पर्नेमा नर्म्समा उल्लेख भएभन्दा बढी मोटाई नापजाँच गरी प्रतिघनमिटर देहायको दरले हुने रु.७६३४२८८.२० र मुल्य अभिबृद्धि कर समेत रु.८६२६७४५.६७ भुक्तानी दिएकोले थप व्ययभार परेको देखियो । यस सम्बन्धमा

पालिकाले छलफलमा यस आर्थिक वर्षमा भएका सम्झौतापश्चात यसप्रकारको अवस्थामा सुधार भैसकेको जनाएको छ । पालिकालाई थप व्ययभार पर्नेगरी कार्य गरे गराएको नियमसम्मत नदेखिएको रु.

**(विस्तृत विवरण बेरूजु दफा ८३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| अनियमित भएको | ८६,२६,७४५ |

८४ **अधुरा आयोजना –**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले यो वर्ष देहायअनुसारका योजनाको कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व विगत वर्षहरुको समेत सार्दै आएको छ । सम्पन्न नगरी अधुरो रहेको कारण सोको उपयोग हुन सकेको छैन भने त्यस्ता योजना अलपत्र अवस्था समेत रहेका छन् । यस सम्बन्धमा पालिकाले जिम्मेवारीपूर्वक कार्यसम्पादन गर्नुपर्दछ ।

| योजनाको नाम तथा ठेक्का नं. | निर्माण व्यवसायी | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | सम्झौता रकम | यो वर्ष सम्मको खर्च | ले.प. सम्म भौतिक प्रगति % |
|---|---|---|---|---|---|---|
| सोनापुर हटिया डांडा सडक कालोपत्रे (Rmun/NCB/Works /०४/२०७७-७८) | K & KG/Ramita/ Ambuja JV, Kalimati KMC १४ | २०७७/१२/२३ | २०८१ पौष मसान्त | १४९०३९४० | ५८११७८९ | ९० |
| Construction of Administrative Building of Ratuwamai -०७ (Rmun/NCB/Works/ ४०/२०७७-०७८) | Bhumi-BCPL JV, Biratnagar | ५/२८/२०७८ | २०८२ असार मसान्त | ९४१६४१७४ | १४५२९१७१ | ४५ |
| Blacktop of Doriya Tower Tole Jhurkiya Road (० + ००० - २+ २६०) (Rmun/NCB/Works/ ०७/२०७७-७८) | K & KG/Ramita/ Ambuja JV | १२/२३/२०७७ | २०८१ पौष मसान्त | १९४५७६४० | १७४७२०६५ | ९० |
| Blacktop of Ganesh Mandir to Ratuwamai-०३ Pidali Sadak | Innovation Construction Service, Damak, Jhapa | २/१०/२०८० | २०८१ पौष मसान्त | १३६८७८५२ | ११७५००४१ | ९१ |

८५ **कृषि हाटबजार पुर्वाधार निर्माण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर, हाटबजार वापत आय प्राप्त गर्न सकिन्छ । पालिकाले शनिश्चरे कृषि बजार भवन निर्माण वापत रु.२ करोड ५४ लाख ३३ हजार, सोमबारे कृषि हाटबजार निमार्ण वापत रु.३६ लाख र इटहरा कृषि हाटबजार निर्माण वापत रु.१ करोड १८ लाख २० हजार गरी जम्मा रु.४ करोड ८ लाख ५३ हजार खर्च भएको छ । लेखापरीक्षणको क्रममा शनिश्चरे कृषि हाटबजार तथा भवन निर्माणको स्थलगत अनुगमनको क्रममा हाटबजार व्यवस्थापन समितिले रु.२ लाख ५ हजारमा भाडा ठेक्का गरेको जानकारी प्राप्त भयो । यस बाहेक अन्यमा भाडा समेत लागेको जानकारी प्राप्त नभएकोले नेपाल सरकारको अनुदानमा निर्माण भएको कृषि हाटवजारबाट पालिकाले समेत आम्दानी प्राप्त गर्नेगरी सञ्चालनमा आएको देखिएन । यस सम्बन्धी कार्यविधि बनाई निर्माण सम्पन्न भएका ३ कृषि हाटबजार तथा भवन उपयोगको सुनिश्चित हुनु पर्दछ । पालिकाले यस प्रकारको आम्दानीका स्रोतको सदुपयोग गरी आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

८६ **पिडाली सडक कालोपत्रे निर्माण(२/२०८०।८१)**

पालिकाले गणेश मन्दिर देखि पुर्व रतुवामाई ३ पिडाली सडक कालोपत्रे निर्माणका लागि ठेक्का नं Rmun/ NCB/Works/ ०२/२०८०/८१ मार्फत निर्माण व्यवसायी श्री इनोभेसन कन्स्ट्रक्सन सर्भिस, दमक, झापासँग रु.१,९३,७४,१५३.३५ (मूल्य अभिवृद्धी कर समेत) मा २०८१।३।२५ निर्माण कार्य सम्पन्न गर्नेगरी २०८०।१०।४ मा सम्झौता भएको छ । यस वर्षमा कार्य वापत रु.१,१७,५०,०४१.०० भुक्तानी भएको छ । यस सम्वन्धमा देखिएका व्यहोराहरु देहाय वमोजिम रहेका छन ।

कोशी प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि,२०७५ को दफा ४ मा समपूरक अनुदान प्रदान गरिने ढाँचाहरु (२) प्रदेश सरकारले व्यहोर्ने अंश सम्बन्धमा आयोजनाको प्रकृति, प्राथमिकता, आवश्यकता, प्राप्त हुनसक्ने सम्भाव्य उपलब्धी, दीगोपना आदिको आधारमा कूल लागतको बढीमा पैसठ्ठी प्रतिशत सम्म रकम प्रदेश सरकारले समपूरक अनुदानको रुपमा प्रदान गर्न सक्नेछ । पालिकाको देहायको निमार्ण कार्यमा प्रदेशबाट प्राप्त अनुदान खर्च गरी स्थानीय तहको लागत सहभागीतामा श्रोत अभावका कारण घटी सहभागीता गर्नुपरेको र सम्बन्धित योजनामा नै खर्च भएको तथा आर्थिक वर्ष २०८०।८१ मा उक्त योजना पालिकाको तर्फबाट थप बजेट सहित सडक सुचार हुने गरी कार्य सम्पन्न गरिएको जनाएको छ । तोकिएबमोजिमको लागत सहभागिता बमोजिम हुन आउने रकम रु.४११२५१४.०० सम्बन्धित योजनामा उपयोग भएको यकिन सहित प्रमाण पुष्ट्याई पेश गर्नुपर्ने देखिएको रु

| **ठेक्का नं** | **कार्य विवरण** | **निर्माण व्यवसायी** | **लागत अनुमान** | **भुक्तानी रकम** | **लागत सहभागीता (३५ प्रतिशत) हुनुपर्ने** |
|---|---|---|---|---|---|
| ०२/२०८०/८१ | सडक कालोपत्रे | श्री इनोभेसन कन्स्ट्रक्सन सर्भिस, दमक, झापा | १९३७४१५३ | ११७५००४१ | ४११२५१४ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४१,१२,५१४ |

८७ **बीमाः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ को उपनियम १ (घ) मा रु.१० लाख भन्दा बढी मुल्यको काम गर्ने निर्माण व्यवसायीलाई निर्माण स्थल सुम्पिएको मिति देखी हस्तान्तरण प्रमाणपत्र जारी गरिने मिति सम्मको तथा त्रुटी सच्याउने अवधी (DLP) सम्म समेटिएको बीमा गराउनुपर्ने उल्लेख छ । सोही व्यवस्था अनुसार पालिकाले निर्माण व्यवसायीसँग निर्माण कार्यको सम्झौता गर्दा बीमा गराएको भएपनि म्याद थप गर्दा बीमाको पनि थप गरी त्रुटी सच्याउने अवधी सम्म कायम भएको हुनुपर्दछ । तर लेखापरीक्षणका लागि नमुना छनौट भएका म्याद थप सम्बन्धी केही ठेक्काको फाँटवारी परीक्षण गर्दा निर्माण व्यवसायीले म्याद थप भएको विजक सहितको पोलिसी फाँटवारीमा देखिएन । यसबाट निर्माण व्यवसायीले गर्ने काम, उपकरण तथा कामदारको जोखिम कायमै रहको अवस्था छ । तसर्थ बिमाको म्याद थपको विवरण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

**(विस्तृत विवरण बेरूजु दफा ८७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,२०,४०७ |

८८ **म्याद थप-**

सार्वजनिक खरिद ऐन, नियमावली र खरिद सम्झौतामा खरिद सँग सम्बन्धित शर्त र भुक्तानी सम्बन्धी व्यवस्था रहेका छन् । पालिकाले संघीय, प्रदेश तथा पालिका अन्तर्गत खरिद सम्झौता गरेका निम्नानुसारका सम्झौतामा निर्माण व्यवसायीले खरिद सम्झौतामा निर्धारित अवधि भित्र कार्यसम्पन्न नगरेको तथा ति योजनाहरुको पालिकाले म्याद थप सम्बन्धी नगरसभाबाट निर्णय एकमुष्ठ रुपमा गरी सम्झौताको अवधी म्याद थप गरेको देखिन्छ । व्यवसायीले सम्झौताको अवधीको म्याद सकिनु भन्दा २१ दिन अगावै म्याद थपको लागि निवेदन दिनु पर्ने तथा पालिकाले प्राप्त निवेदन उपर ७ दिन भित्र टुङ्गो लगाउनु पर्दछ । लेखापरीक्षणका लागि नमुना छनौट गरिएका योजनाहरुको फाँटवारी परीक्षण गर्दा व्यवसायीले सम्झौताको अवधीको म्याद सकिनु भन्दा २१ दिन अगावै म्याद थपको लागि निवेदन दिनु पर्नेमा सो नगरी पालिकाले निवेदन वेगर स्वतः म्याद थप गरेको देखिन्छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । पालिकाले म्याद थप गर्नु अगाडि यी कुराहरुको बारेमा विश्लेषण गरी म्याद थप गर्नुपर्दछ । तर निर्माण व्यवसायीले काममा

कुनै प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन । अतः म्याद थपको निवेदन वेगर म्याद थप भएको तथा निर्माण कार्यको नापजाँच समेत नभएका उपरोक्त सम्झौतामा प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशतले हुन आउने पूर्वनिर्धारित क्षतिपुर्ति सम्बन्धमा आवश्यक निर्णय लिई खरिद सम्झौतालाई व्यवस्थित गर्नुपर्ने देखिन्छ ।

**(विस्तृत विवरण बेरूजु दफा ८८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ८९ कार्य सम्पादन जमानत-

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११० (४) अनुसार कार्यसम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झौतामा उल्लिखित मालसामान आपूर्ति वा हस्तान्तरण गर्नु पर्ने अन्तिम अवधि वा प्रत्याभूति (वारेण्टी) को अवधि वा निर्माण कार्यको त्रुटि सच्चाउने दायित्व (डिफेक्ट लायबिलिटिज) को अवधिभन्दा कम्तीमा एक महिना बढी अवधिको हुनु पर्दछ । लेखापरीक्षणका लागि नमुना छनौट गरीएको देहायका योजनाहरुमा पालिकाले २०८१ असार १० गतेको नगरसभाको निर्णय अनुसार निर्माण कार्यका लागि २०८१ पौष मसान्त सम्म म्याद थप भएकोमा विभिन्न बैंकको कार्यसम्पादन बैंक जमानत पेश गरेकोमा अवधि कम देखियो । यस सम्बन्धमा पालिकाले छलफलमा एकमुष्ठ म्याद थप भएको कारण फरक फरक म्यादमा त्रुटी सच्याउने अवधि रहन गएको तथा संलग्न अनुसूची बमोजिम कतिपयको कार्य सम्पन्न समेत भैसकेकोले यकिन पश्चात प्रमाण पेश गरिने जनाएको छ । कार्यसम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झौतामा निर्माण कार्यको त्रुटि सच्चाउने दायित्व (डिफेक्ट लायबिलिटिज) को अवधिभन्दा कम्तीमा एक महिना बढी अवधिको भएको प्रमाण पेश गर्नुपर्ने रु.

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **१,०९२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **४,५००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

**(विस्तृत विवरण बेरूजु दफा ८९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३०,९५,००० |

## ९० नमुना विद्यालय पूर्वाधार निर्माण

९०.१ **सम्झौता र कार्यसम्पन्नः** शिक्षा तथा मानवस्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को बुदाँ नं २.८.८ को उप क्रियाकलाप नं ८.२ परिच्छेद क देखी झ सम्म रहेका व्यवस्था बमोजिम नमूना विद्यालयको लागि प्राप्त हुने भौतिक पूर्वाधार निर्माणमा स्थानीय तहले लागत अनुमान तयार गरी विद्यालयसँग भाद्र मसान्त सम्ममा सम्झौता गरी विद्यालयले आर्थिक वर्षको जेठ मसान्त सम्ममा निर्माण कार्य सक्नुपर्ने साथै तोकिएको समयभित्र कार्य सम्पन्न नभएमा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्ने व्यवस्था छ । श्री सरस्वती माध्यमिक विद्यालयले अघिल्ला दुई आर्थिक वर्ष २०७८।७९ र २०७९।८० मा विद्यालयका विभिन्न पूर्वाधारहरु निर्माण सम्पन्न भएकोमा यस वर्ष प्रशासनिक र कर्मचारी भवन निर्माणको कुल लागत अनुमान रु.१,०९,७०,२६१.३४ (मु.अ.कर र पिस सहित) बाट २०८० फाल्गुन १३ मा सुचना प्रकाशन भएकोमा वोलपत्रको मूल्याङ्कनमा लागत अनुमानको ३१.४८ प्रतिशत घटी कबोल गर्ने अएर्स इन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सनसँग २०८१ असार २० मा सम्पन्न गर्ने गरी रु.७५,१६,७५०.६७ मा २०८१ बैशाख १३ गते सम्झौता भएको छ । यस वर्ष नमुना विद्यालयलाई रु.१ करोड बजेट व्यवस्था भएको छ । सार्वजनिक खरिद ऐन तथा नियमावलि एवं कार्यक्रम कार्यान्वयन पुस्तिका वमोजिम ठेक्का व्यवस्थापन गर्नुपर्दछ । साथै विद्यालयले एउटै विस्तृत परियोजना प्रतिवेदन (डि.पि.आर) अनुसार भवनमा तिनवटा ठेक्का मार्फत फरक फरक निर्माण व्यवसायी बाट निर्माणको लागि छुट्टा छुट्टै लागत अनुमान तयार गरी ठेक्का लगाएकोमा भवन तथा पूर्वाधारहरुको गुणस्तरियता, दिगोपना कायम हुने नहुने एवं निर्माण कार्यका आइटमहरुमा दोहोरोपना भए नभएको सम्बन्धमा यकिन गर्न सकिदैन। विद्यालयले गुणस्तरीय तवरले दोहोरोपना नहुनेगरी निर्माण कार्य गर्नुपर्दछ ।

९०.२ **म्याद थप-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । व्यवसायीले सम्झौताको अवधीको म्याद सकिनु भन्दा २१ दिन अगावै म्याद थपको लागि निवेदन दिनु पर्ने तथा विद्यालयले प्राप्त निवेदन उपर ७ दिन भित्र टुङ्गो लगाउनु पर्दछ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । विद्यालयले पेश गरेको फाँटवारी परीक्षण गर्दा निर्माण व्यवसायीको निवेदन वेगर विद्यालय व्यवस्थापन समितिले २०८१।३।१४ मा निर्णय गरी २०८१।७।२८ सम्मलाई म्याद थप गरेको छ । नियम अनुसार निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र सार्वजनिक निकायले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्नुपर्नेमा सो गरेको देखिएन । संझौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ ।

९०.३ **बैंक ग्यारेन्टी म्याद कमः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११० (४) अनुसार कार्यसम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झौतामा उल्लिखित मालसामान आपूर्ति वा हस्तान्तरण गर्नु पर्ने अन्तिम अवधि वा प्रत्याभूति (वारेण्टी) को अवधि वा निर्माण कार्यको त्रुटि सच्चाउने दायित्व (डिफेक्ट लायबिलिटिज) को अवधिभन्दा कम्तीमा एक महिना बढी अवधिको हुनु पर्दछ । विद्यालय व्यवस्थापन समितिले निर्णय २०८१ असार १४ गतेको निर्णय अनुसार निर्माण कार्यका लागि २०८१ कार्तिक २८ सम्म म्याद थप भएकोमा कार्यसम्पादन बैंक जमानत रु.१२ लाख ८० हजारको २०८२।५।१ सम्मको अवधि भएको पेश गरेकोमा अवधि कम देखियो । कार्यसम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झौतामा निर्माण कार्यको त्रुटि सच्चाउने दायित्व (डिफेक्ट लायबिलिटिज) को अवधिभन्दा कम्तीमा एक महिना बढी अवधि २०८२ मंसिर मसान्त सम्म भएको प्रमाण पेश गर्नुपर्ने व्यहोरा औँल्याइएकोमा छलफल पश्चात थप अवधिको जमानत पेश भएको छ ।

९०.४ **कार्यसम्पन्न-** शिक्षा तथा मानव श्रोत विकास केन्द्र, कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलापन नं ११.१.२.४४५ को बुदा नं ८.२ अनुसार स्थानीय तहले नमुना विद्यालय भौतिक निर्माण कार्यका लागि भाद्र मसान्त भित्र विद्यालय सँग सम्झौता गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी सम्झौता बमोजिम पहिलो किस्ताको रुपमा कुल अनुदान रकमको ५० प्रतिशत स्ट्रक्चरल पार्टको कार्य सम्पन्न भए पश्चात कुल अनुदान रकमको ३० प्रतिशत र कार्य सम्पन्न गरे पश्चात नापी किताव भरी कार्य सम्पन्न प्रतिवेदन समेत तयार गरी अन्तिम किस्ताको रुपमा २० प्रतिशतले हुने रकम निकासा दिनुपर्ने देखिन्छ। विद्यालय भवन निर्माणको कार्यको लागि यस वर्ष रु.१ करोड बजेट प्राप्त भएकोमा विद्यालय व्यवस्थापन समितिले भेरिएसन आदेश २०८१।३।१८ मा स्वीकृत गरी लागत अनुमानमा २४.७५ प्रतिशतले थप गरेको छ । भेरिएसन आदेश पछि कायम भएको रु.९३,२५,९५०.४७ सम्झौता रकम पालिकाले विद्यालयलाई गो.भौ.नं. २८।२०८१।१।२८ मा ५० प्रतिशत वापत रु.३७ लाख ५८ हजार ३ सय ७५ र कन्टेन्जेन्सी वापत रु.३,२९,१०७.०० र गो.भौ.नं. ४०।२०८१।३।१५ मा बाँकी बजेट रु.३७ लाख ५८ हजार ३ सय ७५ तथा भेरिएसन आदेश स्वीकृतको थप रु.१८,०९,२००.०० गरी जम्मा रु.९६,५५,०५७.०० (कन्टेन्जेन्सी सहित) निकासा दिएको छ । संलग्न फाँटवारीमा निर्माण व्यवसायीले कार्यसम्पन्न वापत रु.९१,१३,१२८.३४ को ठेक्का विल पेश गरी भुक्तानी गरेको विल पेश गरेको छ । पालिकाले सोही कार्यका लागि रु.९३,२५,९५०.०० निकासा दिएकोमा रु.२,१२,८२१.६६ घटीको कार्यसम्पन्न प्रतिवेदन पेश भएकोले उक्त रकम असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यहोरा औँल्याईएकोमा छलफल पश्चात दाखिला प्रमाण पेश भएको छ ।

९१ **ठेक्का व्यवस्था :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिष्प्रर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना

लागत अनुमान भन्दा ८.० देखि ४४.९७ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्म्शका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| ठेक्का नं | योजनाको नाम | निर्माण व्यवसायीको नाम | लागत अनुमान (कन्टिजेन्सी बाहेक) | ठेक्का सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|
| Rmun/NCB/Works/०१/२०८०/०८१ | Blacktop of Itahara-Muktighat Road | बिग बि कन्सल्ट एण्ड बिल्डर्स, दुहबी-०५, सुनसरी (मानिस चिमरिया) | ९७०८४६३ | ६७४४०८८ | ३०.५३ |
| Rmun/NCB/Works/०२/२०८०/०८१ | Blacktop of Ganesh Mandir to Ratuwamai-०३ Pidali Sadak | श्री इन्नोभेसन कन्स्ट्रक्सन सर्भिस, दमक, झापा (मानिस चिमरिया) | १९३७४१५३ | १३६८७८५२ | २९.३५ |
| Rmun/NCB/Works/०३/२०८०/०८१ | Blacktop of Road From Itahara School To Katnu, Ratuwamai-०८ | एन.के कन्स्ट्रक्सन, रतुवामाई-१०, मोरंग (निर्मल भण्डारी) | ३४६६३०४ | २८११३१२ | १८.९० |
| Rmun/NCB/Works/०४/२०८०/०८१ | Construction of Itahara Krishi Bazar Building and Collection Centre, Ratuwamai-०८ | श्री अएह्रर्स इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन कम्पनी, भक्तपुर (रोचक अधिकारी) | ११११६५०३० | ७४०३६४४ | ३३.६९ |
| Rmun/NCB/Works/०५/२०८०/०८१ | Pidali Samudayik Bhawan Nirman, Ratuwamai-०३ | श्री जय मनोज कन्स्ट्रक्सन प्रा.लि, गौरिगंज-०६, झापा (मनोज दास) | ४१४१४८८ | २७५३८४८ | ३३.५१ |
| Rmun/NCB/Works/०६/२०८०/०८१ | Saraswati Ma. Bi Kadupada ko Adhuro Compound wall Nirman, Ratuwamai-०६ | श्री आर्यपुत्र इन्फ्रा एण्ड कन्स्ट्रक्सन, बुढीगंगा-०५, मोरंग (प्रभात घिमिरे) | ३१५३७३४ | २१६३५८७ | ३१.४० |
| Rmun/NCB/Works/०७/२०८०/०८१ | Blacktop of Road From Ganga dewan House Uttar Radha Krishna Mandir Hudai Saraswati Ma Vi Itahara Jane Road, Ratuwamai-०८ | श्री अपूर्व बिल्डर्स प्रा.लि, रंगेली, मोरंग (सबिन मण्डल) | ३४०५०३८ | २६३१०३९ | २२.७३ |
| Rmun/NCB/Works/०८/२०८०/०८१ | Adharbhut swasthya kendra Ratuwamai-०८ ko Bhawanko Sanrachana Sudhar tatha Gherabara, Ratuwamai-०८ | कुलदेवता कन्स्ट्रक्सन, रतुवामाई-०८, मोरंग (ज्ञान बहादुर थापा) | २३०१३९२ | १६२०२२७ | २९.६० |
| Rmun/NCB/Works/०९/२०८०/०८१ | LT New Line Construction For Irrigation Purpose | बि एण्ड पि कन्स्ट्रक्सन, लिमचुङ्बुङ्-०५, उदयपुर (मिलन थापा) | ४१३२००६ | २८३०८४५ | ३१.४९ |
| Rmun/NCB/Works/१०/२०८०/०८१ | Singhadi Kalopatre Sadak Dekhi Ghopatoli Chowk Hudai Dangitola Ko Kalopatre Sadak Samma Sadak Kaalopatre | भिभो कन्स्ट्रक्सन प्रा.लि, लेटाङ (दिपक पौड्याल) | ८३१५८५५ | ४५७६२३२ | ४४.९७ |

| | | | | | |
|---|---|---|---|---|---|
| Rmun/NCB/Works/११/२०८०/०८१ | Blacktop of Kadupada Leti Sadak | एन.के कन्स्ट्रक्सन, रतुवामाई-१०, मोरंग (निर्मल भण्डारी) | २२४२९०१ | २०६३४९१ | ८.०० |
| Rmun/NCB/Works/१२/२०८०/०८१ | Blacktop of Itahara-Muktighat Road (१+५२० to १+८४५) | एन.के कन्स्ट्रक्सन, रतुवामाई-१०, मोरंग (निर्मल भण्डारी) | ३५७१५१३ | २७४८९८९ | २३.०३ |
| Rmun/NCB/Works/१३/२०८०/०८१ | Construction of Itahara Krishi Tahara and Chautari Nirman | श्री अएह्रर्स इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन कम्पनी, भक्तपुर (रोचक अधिकारी) | ४८२९४९८ | ३६०१९३४ | २५.४२ |
| Rmun/NCB/Works/१४/२०८०/०८१ | Construction of Immunization Centre Building | प्रत्यग्र बिल्डर्स, फेदाप, तेह्रथुम (क्षितिज बराल) | २२५९३९३ | १६५७९३८ | २६.६२ |

संपरीक्षणबाट थप भएको बेरूजू

<table>
<tr><th>क्र.सं.</th><th>बेरुजुको विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । साथै, खरिद सम्झौता अनुसार आपूर्तक, सेवा प्रदायक वा निर्माण व्यवसायीलाई पेश्की भुक्तानी गर्दाको बैंक जमानत, सम्झौतामा तोकिएको शर्त, तरीका र अवधीमा पेश्की फछ्र्यौट अवस्था, ढिलो फछ्र्यौटमा नियम ५१ बमोजिमको प्रक्रिया अवलम्बन गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्षसम्म निम्न कार्यक्रम/योजनामा विभिन्न निर्माण व्यवसायी/निकाय/व्यक्ति तथा संस्थालाई रु १९७३१००० पेश्की दिएकोमा म्याद नाघेको पेश्की रु २४०००० रहेको छ । बाँकी पेश्कीलाई नियमानुसार फछ्र्यौट गर्नुका साथै म्याद नाघेको पेश्की रु. २४०००० फर्स्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्ने रु
<table>
<tr><th>क्र.सं.</th><th>पेश्कीको विवरण</th><th>पेश्की लिने ब्यक्ती फर्म वा कम्पनीको नाम</th><th>कर्मचारी भए पद</th><th>म्याद ननाघेको</th><th>म्याद नाघेको</th></tr>
<tr><td>१</td><td>रतुवामाई न.पा. ६ खेलमैदान निर्माण</td><td>एन. के. कन्स्ट्रकसन</td><td></td><td>२९५०००</td><td>०</td></tr>
<tr><td>२</td><td>कार्यक्रम खर्च</td><td>कृषि क्रान्ति कृषक फर्म रतुवामाई - ९ मोरङ</td><td>सरकारी बाँकी सरह असुल गर्नुपर्ने</td><td>०</td><td>४००००</td></tr>
<tr><td>३</td><td>कार्यक्रम खर्च</td><td>तनमन तरकारी खेती व्यवसाय रतुवामाई न.पा.-३</td><td>सरकारी बाँकी सरह असुल गर्नुपर्ने</td><td>०</td><td>४००००</td></tr>
<tr><td>४</td><td>कार्यक्रम खर्च</td><td>मल्टी कृषि फर्म रतुवामाई-१० मोरङ</td><td>सरकारी बाँकी सरह असुल गर्नुपर्ने</td><td>०</td><td>४००००</td></tr>
<tr><td>५</td><td>कार्यक्रम खर्च</td><td>विशाल च्याउ उघोग रतुवामाई न.पा.-८ दाम्राभिट्टा</td><td>सरकारी बाँकी सरह असुल गर्नुपर्ने</td><td>०</td><td>४००००</td></tr>
<tr><td>६</td><td>कार्यक्रम खर्च</td><td>श्री माता पाथिभरा कृषि फर्म रतुवामाई-७ मोरङ</td><td>सरकारी बाँकी सरह असुल गर्नुपर्ने</td><td>०</td><td>४००००</td></tr>
<tr><td>७</td><td>कार्यक्रम खर्च</td><td>सृष्टि कागती उत्पादन केन्द्र रतुवामाई-१सोनापुर मोरङ</td><td>सरकारी बाँकी सरह असुल गर्नुपर्ने</td><td>०</td><td>४००००</td></tr>
<tr><td>८</td><td>१५ शैया अस्पताल, एकिकृत स्वास्थ्य पूर्वाधार</td><td>जे एन जे निर्माण सेवा</td><td></td><td>१९१९६०००</td><td>०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>१९४९१०००</td><td>२४००००</td></tr>
<tr><td></td><td>कुल जम्मा</td><td></td><td></td><td></td><td>१९७३१०००</td></tr>
</table>
</td><td>240000.00</td></tr>
</table>

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| २ | नेपाल सरकारको सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका २०७९ कार्यान्वयनमा रहेको र स्थानीय तहले यसलाई मार्गदर्शनका रुपमा लिई छुट्टै खर्चको मापदण्ड बनाउन सक्ने व्यवस्था छ। उदाहरणस्वरुप सञ्चारसँग सम्बन्धित सुत्र प्रणालीमा उपलब्ध विवरण बमोजिम विभिन्न मिडिया वा सञ्चार सम्बद्ध फर्म वा कम्पनीलाई वर्षभर रु ३२ लाख भन्दा बढी खर्च भएको देखिएको छ। यसप्रकारको खर्चको मात्रा उल्लेखनिय रहेको तथा गत विगतदेखी नै यो बढदो दरमा रहेको देखिएकोले मितव्ययिता कायम गर्ने निर्देशिकाको अधिनमा रहि आवश्यकता, उपलब्धी, औचित्य र निरन्तरताका सम्बन्धमा पालिकाले ध्यान दिनुपर्ने देखिएको छ। | 0.00 |
| ३ | **पालिकाले लक्ष्मित वर्ग**- लक्षित वर्ग विशेष कार्यक्रम (स्वास्थ्य विमा कार्यक्रम लगाएत विविध कार्यक्रम) खर्च शिर्षकबाट नेपाल आधिवासी जनजाति महासंघसँग ILO महासन्धि १६९ तालिम संचालनमा रु.१९५०००.०० र कुलगुरु सम्मान कार्यक्रम अन्तर्गत रु.१५५०००.०० को समेत रु.३५००००.०० लागतमा २०८१ जेठ १७ मा सम्झौता गरी विल भरपाइ साथ रु. ३३७२६०.०० आदिवासी जनजाति महासँघलाइ भुक्तानी दिएको छ। महासँघले कुलगुरु सम्मान कार्यक्रम संचालन अन्तर्गत ११ जना कुलगुरुहरुलाई रु.१०००० का दरले रु.११०००० को भरपाई गरी भुक्तानी दिएको देखिएको छ। साथै, एकिकृत आर्थिक संकेत वर्गिकरण र व्याख्या, २०७४ मा खर्च शिर्षक उल्लेख गरेको र सोहीअनुसार खर्च गर्नुपर्ने उल्लेख छ। कार्यालयले स्वास्थ्य विमा कार्यक्रम लगाएत विविध कार्यक्रम खर्च शिर्षकबाट आदिवासी जनजाति महासँघको उक्त कार्यक्रम कार्यक्रम संचालन शिर्षक फरक पारी खर्च गरेको हुँनाले नियमसम्मत नदेखिएकोले शिर्षक फरक नगरी खर्च लेख्नु पर्दछ। | 0.00 |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : रतुवामाई नगरपालिका, मोरङ , रतुवामाई नगरपालिका , मोरङ्ग

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | संजय बहादुर राजलवट | २०८०-१-१७ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | निता सिग्देल | २०७६-१-४ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,६४७,०७१.७६ | १६,८४९,१३७ | १९,६७९,०८१ | ० | ० | ५४०,००० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ३८,७१५,२८९.७६ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ९,४२९,८७०.७६ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | २४०,००० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | २९,५२५,४१९ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ५८२२१९४५.३८ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४९१८६८००० | चालु खर्च | ४९१५३५०१४.३५ |
| प्रदेश सरकारबाट अनुदान | ४२३१२००० | पूँजीगत खर्च | १६२२०६०८५ |
| राजश्व बाँडफाँट | १४७२८५९५९.८७ | वित्तीय/अन्य व्यवस्था | ३९२२७१०९३ |
| आन्तरिक आय | ३९८५६९४३६.२७ | | |
| अन्य आय | २६०२२४९५ | | |
| कुल आय | ११०६०५७८९१.१४ | कुल खर्च | १०४६०१२१९२.३५ |
| बाँकी मौज्दात | | ११८२६७६४४.१७ | |

## अनुसूची - २

| सि.नं | लेखापरिक्षण | लेखापरीण गरिएका विषय |
|---|---|---|
| 1 | खर्चको नियमितता तथा मितव्ययिता ( चालु तथा प्रशासनिक खर्च) | खर्चको नियमितता तथा मितव्ययिता ( चालु तथा प्रशासनिक खर्च) |
| 2 | कृषि तथा पशु विकास कार्यक्रम | कृषि, पशु, वागवानी सम्बन्धी कार्यक्रम |
| 3 | अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य गराउने । | अमानत, लाभग्राही समुदाय, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य कार्य गराउने । |
| 4 | तलब भत्ता तथा पारिश्रमिक खर्च( तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा) | तलब भत्ता तथा पारिश्रमिक खर्च( तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा) |
| 5 | आन्तरिक आयतर्फ | आन्तरिक आयतर्फ |
| 6 | स्वास्थ्यतर्फ | संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान प्राप्त (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम) |
| 7 | तालिम र कार्यक्रम खर्च | बजेट तर्जुमा र कार्यान्वयन |
| 8 | शिक्षा तर्फ | शिक्षा तर्फ |
| 9 | सहकारी तर्फ | सहकारी संस्थाको सञ्चालन र नियमन |
| 10 | सामाजिक सुरक्षा | सामाजिक सुरक्षा |
| 11 | ठेक्का तथा प्रस्ताव व्यवस्थापन | ठेक्का तथा प्रस्ताव व्यवस्थापन |
| 12 | संघ र प्रदेशबाट प्राप्त सशर्त लगायत कार्यक्रम (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम) | संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान प्राप्त (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम) |
| 13 | खरिद व्यवस्थापन | खरिद व्यवस्थापन |

## बेरूजु दफा ३.३ सँग सम्बन्धित विवरण - अनुसूची -३

| राजश्व संकलन गर्ने कार्यालय | जम्मा संकलन | शंकलन प्रतिशत |
|---|---|---|
| रतुवामाई न.पा. | ११६४१७४१.५ | ४४.७ |
| वडा नं. १ | ७११८९६ | २.७४ |
| वडा नं. २ | ८११५५४ | ३.१२ |
| वडा नं. ३ | १००३५०५ | ३.८६ |
| वडा नं. ४ | १७५०९२०.४ | ६.७३ |
| वडा नं. ५ | १७५३२१३ | ६.७४ |
| वडा नं. ६ | २०५३६७३ | ७.८९ |
| वडा नं. ७ | ७०९९१३ | २.७३ |
| वडा नं. ८ | २२४०६९४.०६ | ८.६१ |
| वडा नं. ९ | १४९४८०२.५ | ५.७४ |
| वडा नं. १० | १८५०५८४ | ७.११ |
| जम्मा | २६०२२४९६.४ | १०० |

## बेरूजु दफा ३.४ सँग सम्बन्धित विवरण - अनुसूची -४

| आ.व. | राजश्व आम्दानि | गत भन्दा घटेको / बढेको |
|---|---|---|
| २०७७।७८ | १७६१७९९४.५७ | बढेको |
| २०७८।७९ | १८४५९२०८.९३ | बढेको |
| २०७९।८० | २९३२९६२१ | बढेको |
| २०८०।८१ | २६०२२४९६.४३ | घटेको |

## बेरूजु दफा १० सँग सम्बन्धित विवरण - अनुसूची -५

| क्र स | खर्च शिर्षक | २०८०।८१ | | २०७९।८० | | २०७८।७९ | |
|---|---|---|---|---|---|---|---|
| | | विनियोजन | खर्च | विनियोजन | खर्च | विनियोजन | खर्च |
| १ | विविध खर्च | ५२१०००० | ४२३६११५ | २९४२६४६ | १९७२८०१ | ९११६५७५ | ८८६७३९९ |
| २ | ईन्धन खर्च | ७१८१००० | ६२६२९७८ | ७८१३००० | ७३०१०६१ | ६५९६५६२ | ६५५७६९७ |
| ३ | सवारी साधन मर्मत खर्च | ६०००००० | ५५३९६९४ | ४१३३६३६ | ३६२१४५२ | २७००००० | २५९२०१७ |
| ४ | बैठक भत्ता | ४०८१००० | ३३७६९६० | ४२४०००० | ३६०५३२७ | ३९४५८७५ | ३०७३५८२ |
| ५ | पत्रपत्रिका छपाई सूचना प्रकाशन खर्च | २१२५००० | २०८९६०७ | ५१४७५०० | ३०६०२५७ | ४८८९००० | ४७८७७७४ |
| ६ | भ्रमण खर्च | ७६०००० | ४४७२४६ | ४८३१००० | ३५६०५५५ | ३४८६००० | ३३७६३६० |
| ७ | करार सेवा शुल्क | ३०७५९००० | २३६८५६४६ | १३४७५३८० | ७३२३४४६ | २४३११०१५ | २२२८७६४१ |
| ८ | मसलन्द तथा कार्यालय सामाग्री खर्च | ३३२८००० | ३०७५०६५ | ३८३१४०५ | ३३९५६७९ | ४२२४००० | ३९८८१६० |
| | जम्मा | ५९४४४००० | ४८७१३३११ | ४६४१४५६७ | ३३८४०५७८ | ५९२६९०२७ | ५५५३०६३० |

## बेरूजु दफा २३ सँग सम्बन्धित विवरण - अनुसूची - ६

| आयोजनाको नाम : हेमन्त घिमिरेको घर उत्तर कलभर्ट निर्माण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| उपभोक्ता समितिको नाम : हेमन्त घिमिरेको घर उत्तर कलभर्ट निर्माण उपभोक्ता समिति, रतुवामाई-०९ | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| S.N. | Item in BOQ | Material | Rate used in Rate Analysis (Without VAT) | Bill rate Submitted by Users (Without Vat) | Different | Qty Used | Units | Bill Submitted by User | Extra Qty Bill Enclosed | Over Payment as per submitted bills | Over Payment as per qty used after deducting User Contribution |
| 1 | Concrete M10 | Cement | 750 | 681 | 69 | 19.458 | Bags | 308 | 35.868 | 21252 | 16899 |
| | Concrete M20 | | | | | 97.6 | | | | | |
| | Plum Concrete | | | | | 155.074 | | | | | |
| 2 | Reinforcement | TMT Bars | 101 | 89 | 12 | 1912.79 | KG | 2155.05 | 242.26 | 25861 | 20658 |
| | | | | Total | | | | | | 42401 | 37558 |
| | | | | | | | | | | | |
| आयोजनाको नाम : कृषि बजार सौंठा घेराबारा निर्माण | | | | | | | | | | | |
| उपभोक्ता समितिको नाम : कृषि बजार व्यवस्थापन उपभोक्ता समिती, रतुवामाई-०६ | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| S.N. | Item in BOQ | Material | Rate used in Rate Analysis (Without VAT) | Bill rate Summited by Users (Without Vat) | Different | Qty Used | Units | Bill Submitted by User | Extra Qty Bill Enclosed | Over Payment as per submitted bills | Over Payment as per qty used after deducting User Contribution |
| 1 | Concrete M10 | Cement | 750 | 640 | 110 | 23.892 | Bags | 305 | 49.008 | 33550 | 25343 |
| | Concrete M20 | | | | | 198.24 | | | | | |
| | Brick Masonry | | | | | 33.86 | | | | | |
| 2 | Reinforcement | TMT Bars | 101 | 90 | 11 | 1866.564 | KG | 2090 | 223.436 | 22990 | 18479 |
| 3 | Brick Masonry | Bricks | 20.5 | 18.59 | 1.91 | 6450.33 | Nos | 7500 | 1049.67 | 14325 | 11088 |
| | | | | Total | | | | | | 70865 | 54910 |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| आयोजनाको नाम : विभिन्न सडक मर्मत रतुवामाई-०८ | | | | | | | | | | | |
| उपभोक्ता समितिको नाम : सडक मर्मत उपभोक्ता समिती, रतुवामाई-०८ | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| S.N. | Item in BOQ | Material | Rate used in Rate Analysis (Without VAT) | Bill rate Submited by | Different | Qty Measured | Units | Bill Submitted by User | Difference between Bill | Over Payment as per Extra Measured Qty | Over Payment as per Extra Measured Qty |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | Users (Without Vat) | | | | | submitted and Qty measured | | after deducting users contribution |
| 1 | Natural RBM | RBM Purchase | 450 | 1057 | 607 | 1230.163 | Cum | 1119 | -111.163 | 50023 | 45021 |
| | | | | Total | | | | | | 45021 | 45021 |
| | | | | | | | | | | | |
| आयोजनाको नाम : सोमबारे बजार पूर्वाधार निर्माण | | | | | | | | | | | |
| उपभोक्ता समितिको नाम : सोमबारे बजार पूर्वाधार निर्माण उपभोक्ता समिती, रतुवामाई-१० | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| S.N. | Item in BOQ | Material | Rate used in Rate Analysis (Without VAT) | Bill rate Summited by Users (Without Vat) | Different | Qty Used | Units | Bill Submitted by User | Extra Qty Bill Enclosed | Payment as per submitted bills and Extra Qty Measured | Over Payment as per qty used after deducting User Contribution |
| 1 | Concrete M10 | Cement | 750.00 | 610.00 | 140.00 | 20.108 | Bags | 360.00 | -14.72 | 50400.00 | 45360.00 |
| | Concrete M20 | | | | | 123.120 | | | | | |
| | Brick Masonry | | | | | 42.000 | | | | | |
| | Plaster | | | | | 14.117 | | | | | |
| | 3" flooring M15 | | | | | 168.589 | | | | | |
| | Concrete M15 | | | | | 6.784 | | | | | |
| 2 | Reinforcement | TMT Bars | 101.00 | 82.00 | 19.00 | 1803.27 | KG | 1800.70 | -2.57 | 34213.30 | 30791.97 |
| 3 | Brick Masonry | Bricks | 20.50 | 18.59 | 1.91 | 8001.00 | Nos | 8800.00 | 799.00 | 15281.91 | 13753.72 |
| 4 | Roofing | CGI Sheet 0.39mm | 780.80 | 185.00 | 595.80 | 389.74 | Sqm | 1351.00 | 961.26 | 232206.53 | 208985.88 |
| 5 | Chaukats | Sal Wood | 211919.02 | 211919.00 | 0.02 | 0.17 | Cum | 0.51 | 0.19 | 0.011 | 0.006 |
| | Door | | | | | 0.15 | | | | | |
| 6 | Interlock | Interlock Blocks | 52.82 | 34.50 | 18.32 | 14829.08 | PCs | 14256.00 | -573.08 | 261169.92 | 235052.93 |
| | | | | Total | | | | | | 593272 | 533944 |

## बेरूजु दफा ३८.१ सँग सम्बन्धित विवरण - अनुसूची -७

| आव २०८०/०८१ को एकिकृत आर्थिक विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| रतुवामाई नगरपालिका नगरकार्यपालिकाको कार्यालय | | | | | | | |
| सिजुवा, मोरङ | | | | | | | |
| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
| | विवरण | | रकम | | विवरण | | रकम |
| १ | गत बर्षको जिम्मेवारी | | ५८२२१९४५ | 1 | चालु खर्च | | ४९१५३५०१४ |
| | क) नगर | ० | | | १संघिय सरकार | ३१५११२१३३ | |
| | ख) संचित कोष | ३६५२९३४९ | | | क) समानिकरण अनुदान | ३१७५७४७३ | |
| | ग) धरौटी | १६२९२४४५ | | | ख) शसर्त अनुदान | २८३३५४६६० | |
| | घ) प्रकोप व्यवस्थापन कोष | ३९९८४२ | | | ग) समपुरक अनुदान | ० | |
| | ङ) विविध कोष | ३१५१९१२ | | | घ) विशेष अनुदान | ० | |
| | च) विविध खर्च | १८४८३९८ | | | ङ अन्य अनुदान | ० | |
| | छ) विभाज्य कोष | | | | | | |
| 2 | आन्तरिक राजस्व | | ५५१६८४४३ | | २ प्रदेश सरकार | ७७९३५४३ | |
| | क) आन्तरीक राजस्व | ५५१६८४४३ | | | ख) शसर्त अनुदान | ३६१२३७८ | |
| 3 | राजस्व बाँडफाँड | | १४७२८५९६० | | क) समानिकरण अनुदान | ४१८११६५ | |
| | क) संघिय सरकार | १३९३२१०९१ | | | ग) समपुरक अनुदान | ० | |
| | ख) प्रदेश सरकार | ७३९५६३९ | | | घ) विशेष अनुदान | ० | |
| | ग) स्थानीय | ५६९२३० | | | | | |
| 4 | अनुदान प्राप्ति संघिय सरकार | | ४९१८६८००० | | ३ राजस्व बाँडफाँड | १२५४१६१०९ | |
| | क) समानिकरण अनुदान | १४११७४००० | | | क) संघिय सरकार | ११८८३००३७ | |
| | ख) शसर्त अनुदान | ३३४१९४००० | | | ख) प्रदेश सरकार | ६१६६८७२ | |
| | ग) समपुरक अनुदान | ५०००००० | | | ग) स्थानीय | ४१९२०० | |
| | घ) विशेष अनुदान | ११५००००० | | | ४ आन्तरिक स्रोत | ४३२१३२३० | |
| | | | | 2 | पूँजीगत खर्च | | १६२२०६०८५ |
| 5 | अनुदान प्राप्ति प्रदेश सरकार | | ४२३१२००० | | १संघिय सरकार | ११५२४१३७२ | |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
